# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तिलोत्तमा नगरपालिका
## रुपन्देही

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तिलोत्तमा नगरपालिका
## रुपन्देही

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तिलोत्तमा नगरपालिका

## रुपन्देही

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

लुम्बिनी प्रदेश

मितिः २०८१।०२।११

प.सं. २०८०।८१

च.नं- ९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

मणिग्राम, रुपन्देही।

१. **कैफियत सहितको राय**- हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.६ करोड २३ लाख २७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रु.१३ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ९३ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ९६ लाख २९ हजार र पेश्की बाँकी रु.२० लाख १६ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म सम्परीक्षण पश्चात रु.२५ करोड ३९ लाख ८४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३१ करोड ६३ लाख ११ हजार रहेको छ ।

यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली )**

**नायब महालेखापरीक्षक**

तिलोत्तमा नगरपालिका,

रुपन्देही जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १०१ | १२८ | ६२३२७ | ० | ० | ० | १०१ | १२८ | ६२३२७ | १३५३ | ३९६२९ | १९३२९ | ० | ० | ५८९५८ | २०१६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु.हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुपन्देही | ३६४७७९ | ० | ११०७९५ | २५३९८४ | ० | ६२३२७ | ३१६३११ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| गत विगत वर्ष तर्फको | | | | ११०७९५१२० |
| **कुल जम्मा** | | | | **११०७९५१२०** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।३० देखि २०८०।०९।०७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः-** कार्यालयको आय-व्ययतर्फ रु.२८३३२३६११६।- को गरी जम्मा रु.२८३३२३६११६।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४११९१९०११।७०, र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.५९३९९४१३।-समेत गरी रु. ४७१३१८४२४.७सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ **फरक हिसाब** –यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६४५०७९६५।१३, यस वर्षको प्राप्ति रु.७२४५६०६०४।०९, यस वर्षको भुक्तानी रु. ५९१८९२८०७।६३ र बैङ्क मौज्दात रु.६८१५९८३१।८६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६३११७७५९२.१० | १५४२००५८८४.९१ | १५६१४३२००७.३७ | ६११७५१४६९.६४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५६६६६६९६२७ | २२६६५६६४८९. | २१५३३२४८१५ | ६७९९११३०१.५ |
| फरक | ६४५०७९६५.१३ | ७२४५६०६०४.०९ | ५९१८९२८०७.६३ | ६८१५९८३१.८६ |

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **बैङ्क हिसाब विवरण**-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष | ४९८०२३२४६.८ | ५०३७५३३९८.८ | ५७३०१५२. |
| २ | विविध कोष खाता | ३७१५०४८५.८६ | ३७१५०४८५.८६ | ०. |
| ३ | आकस्मिक कोष खाता | ० | ० | ०. |
| ४ | पूँजीगत खाता | | ९७१०५१८४.८५ | ९७१०५१८४.८५ |
| ५ | धरौटी खाता | ५५२८३८९७.९४ | ५५८३३७३४.९४ | ५४९८३७. |
| ६ | चालू खाता | ० | २७५९३८१७.१२ | २७५९३८१७.१२ |
| ७ | विपद व्यवस्थापन | १०४८८१३७.९८ | १०४८८१३७.९८ | ०. |
| जम्मा | | ६००९४५७६८.५८ | ७३१९२४७५९.५५ | १३०९७८९९०.९७ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे नगरेको

**सार्वजनिक खरिद व्यवस्थापनतर्फ**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको, • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**बेरुजु लगतः**

म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• म. ले. प. फाराम ८०१ — बेरुजु लगत

• म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन

• म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत

• म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन

• म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

अनुसार ती म. ले. प. फाराम अद्यावधिक नरहेकोले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको

• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको
• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको

• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे नराखेको

• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेको

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण हुनु अघि फस्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण सम्म पनि फस्र्यौट भएको पाइएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियत फस्यौंट गराइ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५ **बजेट तथा कार्यक्रम**

५.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गर्न अलना इन्टरनेश्नल प्रा.लि.सँग सम्झौता भएको र सोको म्याद थप समेत भई प्रारम्भिक मस्यौदा मात्र तयार भएकोले आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५.२ **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५.३ **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण,

बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको भएता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.४ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. २ अर्ब ७ करोड ७८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०४।०३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.५ **लक्ष्य प्रगति** : कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.६ **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७९।८०को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| विवरण | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाख१देखि ५ लाखसम्मका | रु ५लाख १देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना संख्या | २४४ | २३७ | २८४ | १०४ | ३९ | ९०८ |
| जम्मा रकम | २०८५०००० | ४०२९०००० | ९९४००००० | ८३२००००० | ९१७००००० | ३३५४४०००० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५०हजार देखि १० लाख भन्दा बढीको जम्मा ९०८ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २४४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.७ **वार्षिक खरिद योजना/गुरुयोजना**: सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ७१८८९१६३९।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.८ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्यक्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ७३९९५००० | ३९२८७९०२.७६ | २.७९ |
| सामाजिक विकास | ६०१५०१००० | ५५१६०७८४९.१ | ३९.२० |
| पूर्वाधार विकास | ८१७०६६१४४ | ४९३५२१८७९ | ३५.०७ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८२८४०००० | ६९१३१०३४ | ४.९१ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ३४३९१५८५६ | २५३६४४२८८.८ | १८.०२ |
| **जम्मा** | **१९१९३१८०००** | **१४०७१९२९५४** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३९.२ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा २.७९ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

५.९ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २२५५८१७६५ राजस्व बाँडफाँड र अनुदानबाट रु. १७६२९७०३५१ समेत रु. १६११४२०७१७ आम्दानी भएकोमा चालु तर्फ रु. ६८८३०१३१४।४० र पूँजिगत तर्फ रु.७१८८९१६३९.४ समेत रु. १४०७१९२९५४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. २००६८०००।- खर्च भएको छ जुन आन्तरिक आयको ८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४९ प्रतिशत चालु र ५१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.१० **बजेट अवण्डाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले कार्यपालिका सदस्यबाट हुने कार्यमा रु.७० लाख, सचिवालय मार्फत हुने कार्यमा रु.३ करोड ९४ लाख र आकस्मिक पूर्वाधार विकास शिर्षकमा रु.१ करोड ६० लाख गरी यो वर्ष रु ६ करोड २४ लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनाहरूमा खर्च गरेको छ। पालिकाले बजेट अबण्डामा राखी कार्यपालिकाको पटक पटकको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.११ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **क्र.स.** | **बजेट उपशिर्षक** | **कुल खर्च** | | **त्रैमासिक खर्च (रु.हजारमा)** | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथमत्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथोत्रैमासिक** | **असार महिना** |
| १ | पूँजिगत खर्चतर्फ | ७१८८९१ | २२८३० | १०३७१० | १६६६६६ | ४२५६८४ | २६०२४० |
| | प्रतिशत | १००.०० | ३.१८ | १४.४३ | २३.१८ | ५९.२१ | ३६.२० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.७१८८९१०००।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२२८३००००।- (३.१८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १०३७१०।- (१४.४३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१६६६६६०००।- (२३.१८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ४२५६८४०००।- (५९.२१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २६०२४००००।-(३६.२० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ संगठन तथा कर्मचारी व्यवस्थापन

६.१ **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु. ७०३७९०२६।१९ तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.३ **कर्मचारी करार —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७३ जना कर्मचारीहरु करारमा राखी रु.२,२४,७८,४८२।- खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ३१ जना करार नियुक्ति गरी बर्षभरीमा रु.८४७७०१४।- भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८४,७७,०१४ |

६.४ **कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.३००००००।-ट्रान्सफर गरेको छ । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कर्मचारी कल्याण कोष संचालन कार्यविधी बनाई सो कोषमा रकम ट्रान्सफर गरेको जनाएको छ । पालिकाले सो संचालन कार्यविधी अनुसार खर्च गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ७ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## ८ सम्पत्ति हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ९ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले न्यायिक समिति सफ्टवयर १ वटा सफ्टवेयर खरिद गरी रु. ४,९६,०७०।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १० पदाधिकारी सुविधा

१०.१ **स्थानीय तहका पदाधिकारी सुविधा** :नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. २००६८०००।- सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष १७ जना | कार्यपालिका सदस्य ७ जना | सभाका सदस्य ६३ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | |
| २ | यातायात खर्च | - | - | १२००० | ७००० | ३५०० | ५६८२००० |
| ३ | टेलिफोन,मोबाइल | ४००० | ४००० | ३००० | ३००० | २५०० | २८५०००० |
| ४ | पुस्तक,पत्रिका, ईन्टरनेट | ५००० | ५००० | ४००० | ३००० | २००० | २७००००० |
| ५ | समन्वय तथा सहजीकरण | १३००० | ८००० | ७००० | ५००० | ३००० | ४३६८००० |
| ६ | अतिथि सत्कार | ७००० | ६००० | ६००० | - | - | १३८०००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | १०००० | १०००० | १०००० | - | - | २२८०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १२००० | १०००० | ८००० | ८०८००० |
| | जम्मा | **५४०००** | **४८०००** | **५४०००** | **२८०००** | **१९०००** | **२००६८०००** |

सैद्धान्तिक बेरुजु

१०.२ **स्वकीय सचिव** – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवका रुपमा एक जना नियुक्त गरी भुक्तानी गरेको रकम रु. ४६१४९०।- अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,६१,४९० |

१०.३ **अनुगमन भत्ताः** लुम्बिनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ । ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले निम्नानुसारको भौचर नं. र मितिमा योजना तथा कार्यक्रम अनुगमन वापत खर्च लेखेको रकम रु. ३०२०००।— ऐनको उक्त प्रावधान विपरित भएकोले अनियमित देखिएको रु.

| **गो.भौ.नं.।मिति** | **व्यहोरा** | **रकम** |
|---|---|---|
| १७१९।२०८०।१।१३ | नेतृत्व विकास तालिम | ९००० |
| १७२५।२०८०।१।१३ | कक्षा ८ परीक्षा अनुगमन | ६०००० |
| १७६१।२०८०।१।१५ | नेतृत्व विकास तालिम | ५००० |
| १९०६।२०८०।२।३ | सामुदायिक विद्यालयका शिक्षकहरूलाई कम्प्युटर तालिमको अनुगमन | १०००० |
| २०५९।२०८०।२।२१ | सामुदायिक विकास कोष क्षमता विकास कार्यक्रमको अनुगमन | ८००० |
| २११३।२०८०।२।२५ | दलित तथा पिछडिएका वर्ग नेतृत्व क्षमता विकास कार्यक्रमको अनुगमन | ४००० |
| २१४४।२०८०।२।३० | दलित उत्थान कार्यक्रम अनुगमन | ६००० |
| २१९४।२०८०।३।३ | बालअधिकार तथा बाल संरक्षण सम्बन्धी तालिम अनुगमन | २०००० |
| २२०१।२०८०।३।४ | सेनेटरी प्याड बनाउने तालिम अनुगमन | ५००० |
| २२९५।२०८०।३।७ | विद्यालयमा संचालित कार्यक्रम अनुगमन | ९८००० |
| २३३७।२०८०।३।११ | पशु सेवा शाखाको अनुदान कार्यक्रम अनुगमन | २८००० |
| २३७८।२०८०।३।१२ | स्वास्थ्य संस्थाहरूको अर्धवार्षिक समिक्षा गोष्ठि अनुगमन | ५००० |
| २५०६।२०८०।३।१९ | लैंगिक समानता समावेशीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम अनुगमन | ७००० |

| | | |
|---|---|---|
| २४९३।२०८०।३।१९ | उद्घोषण तालिम अनुगमन | १०००० |
| २४३१।२०८०।३।१४ | युवा क्षमता विकास कार्यक्रम अनुगमन | ६००० |
| २४७२।२०८०।३।१८ | विभिन्न कार्यक्रम अनुगमन | २१००० |
| **जम्मा** | | **३०२०००** |

| | |
|---|---|
| अनियमित भएको | ३,०२,००० |

## ११ आर्थिक सहायता र अन्य विविध खर्च

११.१ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ९८५०००।-आर्थिक सहायता वितरण गरेका छन् । आन्तरीक आम्दानी कम रहेको अवस्थामा यस्तो आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११.२ **महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. १६,५८,०००।- खर्च गरेको छ । आन्तरीक आम्दानी कम रहेको अवस्थामा यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११.३ **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ७७,०६,०००।- खर्च गरेको छ । आन्तरीक आम्दानी कम रहेको अवस्थामा यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## १२ कानून निर्माण एवं कार्यान्वयन

१२.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ ऐन, ७ कार्यविधि १ निर्देशिका र २ नर्म्स,

लगायत १२ वटा कानुन निर्माण गरेको छ । तसर्थ उक्त कानूनहरु कार्यान्वयनमा पूर्ण कार्यान्वयनमा ल्याई आवश्यकताका अनुसार कानूनहरू निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५ र यो बर्ष थप भएको ६१ गरी कुल ६६ विवाद दर्ता भएकोमा ५७ वटा मात्र फछ्र्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १३ सेवाप्रवाह

१३.१ **सेवाप्रवाहको स्थिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ८६९ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २३३८ |
| मृत्युदर्ता | ८१० |
| बसाईसराई दर्ता | १४२३ |
| विवाह दर्ता | ११६१ |
| सम्बन्धविच्छेद दर्ता | १३७ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | २२कि.मि. |
| कालोपत्रे सडक मर्मत | १२ कि.मि. |

| | |
|---|---|
| ग्राभेल सडक निर्माण | ०० |
| ग्राभेल सडक मर्मत स्तरउन्नती | ४० कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

सैद्धान्तिक बेरुजु

१३.२ **सार्वजनिक परीक्षण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १ पटक सार्वजनिक परीक्षण संचालन गरी रु. ९८,०००।— खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

## १४ कर दस्तुर एवं आन्तरिक आय

१४.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ४४,५८,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२२५५८१७६४.९८ अर्थात अनुमान भन्दा ५० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१४.२ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| **केन्द्रीय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| १३२४३५०५५५ | २२५५८१७६४.९८ | १७% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५0000000 | ४९८0३३१८.३ | ९९.६१ |
| घरजग्गा वहाल कर | ५0000000 | ३६0१२८१४.९ | ७२.0३ |
| व्यवसाय कर | ३0000000 | २४६१७१६५ | ८२.0६ |
| वहाल विरौटी शुल्क | ६५00000 | १३२७२६४४.९ | २0४.१९ |
| नक्सा पास दस्तुर | ४१000000 | २४८७६२८९.६ | ६0.६७ |
| सिफारिस दस्तुर | ६८000000 | ४४९५0८९४ | ६६.१0 |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ३00000 | १२२८१८६ | ४0९.४0 |
| अन्य दस्तुर | १0000000 | ४८७३0८२.५ | ४८.७३ |
| अन्य क्षेत्रको आय | ६५000000 | १६७१२३५७.२ | २५.७१ |
| प्रशासनिक दण्ड जरिवाना र जफत | १00000 | ३५४११६१.६५ | ३५४१.१६ |
| धरौटी सदर स्याहा | १00000 | ५६९२१५0 | ५६९२.१५ |
| सरकारी सम्पतीको बहालबाट प्राप्त आय | ४0५0000 | ३९५0000 | ९७.५३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१४.४ **सवारी कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.५ **मनोरञ्जन कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.६ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २४६१७१६५।- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.७ **असुली गर्न बाँकी आन्तरिक आय —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायिबाट रु.१९९५६०००।- असुल गर्ने बाँकी रहेको छ । अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समेत सो रकम उल्लेख भएकोमा हाल सम्म पनि असुल हुन नसकेको र यस सम्वन्धी मुद्दा अदालतमा विचाराधिन रहेकोले फैसला पश्चात सोहि अनुसार कारवाही अगाढी बढाउनुपर्ने देखिन्छ ।

| **क्र सं** | **ठेकेदारको नाम** | **आय ठेक्काको नाम** | **गत वर्ष सम्मको बाँकी** | **यस वर्षको असूली** | **बाँकी रकम** | **यो वर्ष सम्मको बाँकी** | **कुल बाँकी** |
|---|---|---|---|---|---|---|---|
| १ | क्षितिज रियल स्टेट एण्ड हाउजिङ्ग कम्पनी प्रा लि | आ व २०७८।७९ को सेमरी घाट नदीजन्य पदार्थ ठेक्का (मिनाहाको लागि अदालती प्रकृयामा रहेको) | १९९५६००० | ० | १९९५६००० | १९९५६००० | १९९५६००० |
| **जम्मा** | | | | | | | **१९९५६०००** |

सैद्धान्तिक बेरुजु

१४.८ **राजश्व बाँडफाँड** - स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने देखिन्छ ।

| आय शीर्षक | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|
| विगत आ.ब को स्थानीय राजश्व वाडँफाँड | ४० | ० | १२७३२२३४०.६४ |

सैद्धान्तिक बेरुजु

## १५ विपद् व्यवस्थापन

१५.१ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि ४ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.२ **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.३ **विपद् व्यवस्थापन कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रू. १४,८८,१३७।९८ र यस वर्षको आम्दानी रु. १,००,००,०००।- समेत रू. १,७७,४२,५६३.९८।- कुल आम्दानी भएकोमा रू.६२,५४,४२६।- खर्च गरी बाँकी रु. १,०४,८८,१३७.९८।- बाँकी देखिन्छ । पालिकाले

नियममा तोकिएबमोजिम खर्च लेखेको र नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५.४ **वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## १६ बढी ग्रेड भुक्तानी

कर्मचारी समायोजन ऐन,२०७४ को दफा ७ (४) बमोजिम सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेशमा समायोजन गर्दा राजपत्र अनंकित प्रथम श्रेणीको कर्मचारीलाई पाँच बर्षभन्दा कम सेवा अवधि भएमा सहायकस्तर पाँचौ कायम गरी खाईपाई आएको दुई ग्रेड थप हुने र पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि पुरा गरेको र राजपत्र अनंकित प्रथम श्रेणीमा सेवा प्रवेश गर्दाको बखत तोकिएको न्युनतम शौक्षिक योग्यता हासिल गरेको कर्मचारीलाई अधिकृतस्तर छैंठौ कायम गरी समायोजन गरिने उल्लेख भएकोछ । पालिकामाअधिकृत छैटौं तहमा कार्यरत श्री गणेश पौडेललाईछुट ग्रेड(पहिलेको राजपत्र अनंकित पदमा रहेको ग्रेड रकम) भनी२०७५ चैत्र देखि २०७९ माघ सम्मको ग्रेड रकम रू.१३२६१६/- भुक्तानी भएकोले कर्मचारी सेवा सर्त सम्वन्धी प्रदेश निजामती सेवा ऐन नियमावली जारी नभईसकेको अवस्थामा भुक्तानी भएको ग्रेड रकम खान पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३२,६१६ |

## १७ मर्मत तथा लिलाम बिक्री

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ मा कार्यालयमा रहेका जिन्सी सामाग्री मर्मत गरी सञ्चालनमा ल्याउनुपर्ने र मर्मत गर्न नसकिने मालसामान नियमावलीमा भएको व्यवस्था बमोजिम लिलाम बिक्री गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकामा रहेका टेलिभिजन २ थान, डेक्सटप कम्प्युटर ४ थान, ल्यापटप १० थान, प्रिन्टर १० थान,फोटोकपी मेशीन, २ थान,डिजिटल डिस्प्ले बोर्ड १ थान, प्रोजेक्टर १ थान, दराज ३ थान, फ्रिज ६ थान लगायतका १७० थान विभिन्न जिन्सी सामान मर्मत गर्नुपर्ने अवस्थामा रहेका छन् , उक्त सामानहरु मर्मत गरी सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ । त्यस्तै पालिकाले पेश गरेको जिन्सी निरीक्षण फाराम अनुसार पिकअप १ थान, टेलिभिजन ३ थान, डिजिटल क्यामेरा १ थान, डिसहोम सेट१ थान,डेक्सटप कम्प्युटर १२ थान, ल्यापटप ५ थान, प्रिन्टर २४ थान, फोटोकपी मेशिन२ थान, मोबाइल ५५ थान, टेबल १० थान लगायत २४४ थान विभिन्न जिन्सी सामानहरु लिलाम बिक्री गर्नुपर्ने भनी उल्लेख गरेकोले नियमावलीमा भएको व्यवस्था बमोजिम पालिकामा भएको जिन्सी सामान मर्मत गरी सञ्चालनमा ल्याउनुपर्ने र लिलाम बिक्री गर्नुपर्ने भनी प्रतिबेदनमा उल्लेख गरिएका जिन्सी मालसामानहरु लिलाम बिक्री गरी जिन्सी अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१८ **बैठक भत्ता**

कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अन्तर्गत बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरू राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले निम्न भौचरबाट पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गर्दा निर्देशिकाले तोकेको भन्दा बढी आमन्त्रित राखी भुक्तानी गरेको पाइयो। यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

| **गो.भौ.नं./मिति** | **विवरण** | **समिति सदस्य** | **बैठक संख्या** | **रकम** |
|---|---|---|---|---|
| १९८०।२०८०।२।९ | दरभाउ मूल्यांकन समितिको बैठक | ४ | ३२ | ३५५००० |
| २४२२।२०८०।३।१४ | फरफारक समितिको बैठक | ७ | २६ | २३०००० |
| ७६९।२०७९।०८।२८ | खरिद इकाईको विभिन्न समितिको बैठक | १८ | २३ | २०७००० |
| १४५९।२०७९।११।२९ | बोलपत्र तथा दरभाउपत्र मूल्याङ्कन समितिको बैठक | २० | ४२ | ४५८००० |

| सैद्धान्तिक बेरुजु |
|---|

१९ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका नाफामूलक संस्थाको महोत्सव खर्चमा लागि रु. ७५००००।-अनुदान उपलब्ध गराएको छन। तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

| सि.नं. | गो.भौ.नं.।मिति | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|---|
| १ | १८३४१८३४।२०८०।१।२७ | तिलोत्तमा उद्योग वाणिज्य संगठन | औद्योगिक व्यापार मेला तथा महोत्सव | ७५०००० |
| **जम्मा** | | | | **७५००००** |

| सैद्धान्तिक बेरुजु |
|---|

२० **भुक्तानीमा कर**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु. २४९३५।- अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.

| **गो.भौ.नं.।मिति** | **कार्यक्रम** | **संचालक** | **विवरण** | **भुक्तानी** | **कर कट्टी हुनुपर्ने** |
|---|---|---|---|---|---|
| २०५८।२०८०।२।२१ | महिलाहरूको लागि मन्टेश्वरी तालिम | शुभ जनज्योती प्राबिधिक शिक्षालय प्रा.लि. | प्रशिक्षण भत्ता | ४५००० | ६७५० |
| २०५८।२०८०।२।२१ | महिलाहरूको लागि मन्टेश्वरी तालिम | शुभ जनज्योती प्राबिधिक शिक्षालय प्रा.लि. | हल भाडा | १५००० | १५०० |
| २१७२।२०८०।२।३२ | भूकम्प प्रतिरोधात्मक भवन निर्माणको लागि ७ दिने सिकर्मी तथा डकर्मी तालिम | वर्ल्ड वाइड टेक्नीकल प्रा.लि. | मुख्य प्रशिक्षक भत्ता | २२४०० | ३३६० |
| २१७२।२०८०।२।३२ | भूकम्प प्रतिरोधात्मक भवन निर्माणको लागि ७ दिने सिकर्मी तथा डकर्मी तालिम | वर्ल्ड वाइड टेक्नीकल प्रा.लि. | सहायक प्रशिक्षक भत्ता | १४००० | २१०० |
| २१७२।२०८०।२।३२ | भूकम्प प्रतिरोधात्मक भवन निर्माणको लागि ७ दिने सिकर्मी तथा डकर्मी तालिम | वर्ल्ड वाइड टेक्नीकल प्रा.लि. | हल भाडा | ५६००० | ५६०० |
| २४३०।२०८०।३।१४ | महिला क्षमता विकास (बुटिक) तालिम | एस.बि. भोकेसनल इन्स्टिच्युट प्रा.लि. | प्रशिक्षण भत्ता | ३७५०० | ५६२५ |
| **जम्मा** | | | | | **२४९३५** |

| असुल गर्नुपर्ने | २४,९३५ |
|---|---|

२१ **कार्यालय संचालन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा ऐन बमोजिम राख्नुपर्ने लेखा ठीकसँग नराखेको कारणबाट कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्ने व्यवस्था

छ ।धारा, पानी, टेलिफोन, विजुली जस्ता कार्यालय सञ्चालन खर्चहरु तोकिएको अवधिमा छुट समेत प्राप्त गर्न सक्ने अवधिमा भुक्तानी गर्नुपर्ने हुन्छ।लेखापरीक्षणको क्रममा परीक्षण गर्दा देहायबमोजिम भौचरबाट विद्युत महशुल भुक्तानी गरी जरिवाना समेत भुक्तानी गरी कार्यालयको दायित्व रू.६९७५२/-थप गरेको देखियो । कार्यालयले यस्ता कार्यालय सम्बन्धि विषयमा खर्च लेख्दा खर्चमा मितव्ययिता अपनाउनु पर्ने देखिन्छ ।

| गो.भौ.नं | मिति | महसुल भुक्तानी रकम | जरिवाना रकम |
|---|---|---|---|
| ५९० | २०७९।०७।२७ | २३७१० | ४३४७ |
| ६१३ | २०७९।०७।२८ | ८९५० | १४४० |
| ६५६ | २०७९।०८।२० | ११००० | २२०० |
| ७५९ | २०७९।०८।२७ | ७१०४३१ | ५४५१४ |
| ७९३ | २०७९।०९।०३ | २१२५९ | ४२५१ |
| ८२८ | २०७९।०९।०६ | १५००० | ३००० |
| **जम्मा** | | | **६९७५२** |

सैद्धान्तिक बेरुजु

२२ **शुभकामना सन्देश तथा क्यालेण्डर छपाई सहायता**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को प्रकरण ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने तथा सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था रहेको छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा कार्यालयले देहाय बमोजिमका संघ संस्थाहरूलाई शुभकामना सन्देश, सन्देशमुलक सूचना तथा क्यालेण्डर छपाई वापतको सहयता रकम भुक्तानी गरेको छ ।

| भौचर नं/ मिति | संस्थाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १७१३।२०८०।१।१२ | तिलोत्तमा सिटी | ५००० |
| १७१४।२०८०।१।१२ | बुटवल पब्लिकेशन | ५००० |
| १७३१।२०८०।१।१४ | बुद्ध सामुदायिक टेलिभिजन | १०००० |
| १७४०।२०८०।१।१४ | आर एन खबर | ५००० |
| १७४२।२०८०।१।१४ | नमस्ते लुम्बिनी मिडिया | ५००० |
| १७५८।२०८०।१।१५ | मेचीकाली मिडिया | १०००० |

| | | |
|---|---|---|
| १७७०।२०८०।१।१७ | रुपन्देही नागरिक समाज | १०००० |
| १७७२।२०८०।१।१७ | प्रेस सेन्टर नेपाल | १०००० |
| १८०४।२०८०।१।२१ | तिलोत्तमा चेम्बर अफ कमर्स | २०००० |
| १९०३।२०८०।२।३ | तिलोत्तमा चेम्बर अफ कमर्स | ८००० |
| १९०४।२०८०।२।३ | सनातन हिन्दु रक्षा मिसन | २०००० |
| १९३४।२०८०।२।४ | करिअर मिडिया | ५००० |
| १९४२।२०८०।२।४ | साझा मल्टिमिडिया | १०००० |
| १९८९।२०८०।२।१० | लेखा समुह रुपन्देही | १५००० |
| १९९०।२०८०।२।१० | नमस्ते नेपाल रुपन्देही | ५००० |
| १९९१।२०८०।२।१० | पेशागत महासंघ नेपाल जिल्ला समिति | १०००० |
| १९९४।२०८०।२।१० | श्री शिद्धबाबाधाम विकास समिति | १०००० |
| २६५५।२०८०।३।२१ | नागरिक सूचना केन्द्र प्रा.लि. | २०९८० |
| २६५५।२०८०।३।२१ | नेपाल पत्रकार महासंघ | १४७०० |
| २६९४।२०८०।३।२२ | नमस्ते नेपाल | ३००० |
| २९९६।२०८०।३।२२ | आवाज सम्प्रेषण | ५००० |
| २९९६।२०८०।३।२२ | आर डि मिडिया पब्लिकेशन | ५००० |
| २९९६।२०८०।३।२२ | सर्च नेपाल | ५००० |
| २७००।२०८०।३।२२ | रोटयोर्ट क्लब | १०००० |
| २७००।२०८०।३।२२ | पचाल झरना पत्रिका | ५००० |
| २७००।२०८०।३।२२ | लायन्स क्लब अफ तिलोत्तमा | १०००० |
| २७००।२०८०।३।२२ | गुल्मेली अधिकृत समाज | १०००० |
| २७००।२०८०।३।२२ | नेपाल बार एशोसियसन | १५००० |
| २७००।२०८०।३।२२ | स्याङ्जाली समाज | १०००० |

यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **अन्य कार्यालय खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धि व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ ।उक्त व्यवस्थाको पालना बेगर यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएको निम्नानुसारको कार्यालयको संचालन खर्च वापत रु. ।- भुक्तानी गरी अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको छ । यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिन्छ । यस्तो खर्च नियमित देखिदैन ।

| **गो.भौ.नं/मिति** | **विवरण** | **भुक्तानी** |
|---|---|---|
| २०७२।२०८०।२।२२ | इलाका प्रहरी कार्यालयको सवारी मर्मत | १०,००० |
| २१०९।२०८०।२।२२ | इलाका प्रहरी कार्यालयको सवारी मर्मत | १९,००० |
| २४१२।२०८०।३।१३ | जिल्ला प्रशासन कार्यालय रुपन्देहीको सवारी मर्मत | ३२,००१ |
| **जम्मा** | | **६१,००१** |

| | |
|---|---|
| अनियमित भएको | ६१,००१ |

२४ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन् :

२४.१ **लगत कट्टाः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ३ दफा १२ मा लाभग्राहीको मृत्यु भएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भई लगत कट्टा भएका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिको रकम निकासा दिन मिल्दैन । यस पालिकाको लगत कट्टा र निकासाको विवरण भिडान गर्दा देहायका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिमा समेत बैंक मार्फत निकासा भएको देखियो । बैंकद्वारा उक्त लाभग्राहीहरूको निकासा भएको भत्ता रकम एकमुष्ठ रुपमा फिर्ता गरिएको कार्यालयको भनाई रहेको भएता देहाय बमोजिमका लाभग्राहीहरूको लगत कट्टा पछिको अवधिको भत्ता रकम फिर्ता भएको यकिन हुन नसकिएकोले सो प्रमाण पेश हुनुपर्ने रु.

| क्र.सं. | वडा नं. | लक्षित समूह | नाम | लगत कट्टा लागुमिति | भुक्तानीहुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | १ | अन्य जेष्ठ नागरिक भत्ता | बाबु राम अर्याल | २०७९-१२-०३ | ८००० | २४००० | १६००० |
| २ | १ | अन्य जेष्ठ नागरिक भत्ता | गंगा देवी मुडवरी क्षेत्री | २०७९-१२-३० | ० | १२००० | १२००० |
| ३ | १ | अन्य जेष्ठ नागरिक भत्ता | विध्याधर घिमिरे | २०७९-११-१८ | ६४०० | १२००० | ५६०० |
| ४ | १ | अन्य जेष्ठ नागरिक भत्ता | देबी प्रसाद पाण्डे | २०७९-०७-२३ | ० | २४००० | २४००० |
| ५ | १ | अन्य जेष्ठ नागरिक भत्ता | गुनाखर खराल | २०७९-१०-१६ | २१३३ | १२००० | ९८६७ |
| ६ | १ | अन्य जेष्ठ नागरिक भत्ता | मनिकर्ण पाण्डे | २०७९-०६-१२ | ० | ३६००० | ३६००० |
| ७ | १ | अन्य जेष्ठ नागरिक भत्ता | अमृता गौतम | २०८०-०१-१३ | १७३३ | १२००० | १०२६७ |
| ८ | १ | अन्य जेष्ठ नागरिक भत्ता | कृष्ण प्रसाद उपाध्याय | २०७९-१०-०५ | १२६६७ | २४००० | ११३३३ |
| ९ | २ | अन्य जेष्ठ नागरिकभत्ता | बसन्धरी भण्डारी | २०७९-११-२१ | ६८०० | २४००० | १७२०० |
| १० | २ | अन्य जेष्ठ नागरिकभत्ता | पूर्णकला देवकोटा | २०८०-०२-१६ | ६१३३ | १२००० | ५८६७ |
| ११ | २ | अन्य जेष्ठ नागरिकभत्ता | भविश्वर उपाध्याय | २०७९-१०-२० | २६६७ | १२००० | ९३३३ |
| १२ | ३ | पूर्ण अपाङ्गता भत्ता | तारा कुमारी मल्ल | २०८०-०२-०८ | ५०५४ | ११९७० | ६९१६ |
| १३ | ३ | अन्य जेष्ठ नागरिक भत्ता | पदम सिंह न्यौपाने | २०८०-०१-११ | १४६७ | १२००० | १०५३३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | ३ | अन्य जेष्ठ नागरिक भत्ता | मनिसरा सिंजाली | २०८०-०१-२६ | ४००० | १२००० | ८००० |
| १५ | ३ | अन्य जेष्ठ नागरिक भत्ता | कमल कुमारी राना | २०७९-१०-२३ | ४००० | १२००० | ८००० |
| १६ | ३ | अन्य जेष्ठ नागरिक भत्ता | टिका कुमारी वि.क. | २०७९-१२-०२ | ८००० | २४००० | १६००० |
| १७ | ३ | अन्य जेष्ठ नागरिक भत्ता | राम बहादुर सार्की | २०७९-११-०४ | ४००० | १२००० | ८००० |
| १८ | ३ | पूर्ण अपाङ्गता भत्ता | गोमा पौडेल | २०८०-०२-०१ | ३९९० | ११९७० | ७९८० |
| **जम्मा** | | | | | | | **२२२८९६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२२,८९६ |

२४.२ **दोहोरो भुक्तानीः** यस पालिकाको नमूना छनौटको आधारमा सामाजिक सुरक्षा भत्ता वितरणको विवरण परीक्षण गर्दा पहिलो त्रैमासिकको reverse feed मा निम्नानुसारको लाभग्राहीहरूको नाम, Personal Id र खाता दोहोरो रहेको र दुवै खातामा भत्ता रकम दाखिला भएको पाइयो । पालिकाले यसरी दोहोरो भुक्तानी हुने गरी प्रविष्टि भएको लाभग्राहीहरूको विवरणको लगत कट्टा गरी बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| **व्यक्तिगत परिचयपत्र नं** | **लाभग्राहीको नाम** | **जन्म मिति** | **नागरिकता नं** | **भुक्तानी रकम** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|
| २००८०११००९८८४ | Prem Bahadur Bohora | १०-०१-२००८ | ३१३९ | ३६००० | ३६००० |
| २००८०११००६९६३ | Prem Bahadur Bohora | १०-०१-२००८ | ३१३९ | ३६००० | |
| २०५४०५२३०१८६३ | Pranita Chhetri | २३-०५-२०५४ | ३७०२७००८१३० | २५५३६ | २५५३६ |
| २०५४०५२६०१०६४ | Pranita Chhetri | २६-५-२०५४ | ३७०२७००८१३९ | २५५३६ | |
| २००३०५१००७१२२ | Mekh Bahadur Sapkota | १०-५-२००३ | १२५१ | १५९६० | १५९६० |

| | | | | | |
|---|---|---|---|---|---|
| २००३०५१००३१८६ | Mekha Bahadur Sapkota | १०-५-२००३ | ६७४ | १५९६० | |
| २०१००४०५०९७२८ | Jalebiya Tharuni | ०५-०४-२०१० | ३४३८९ | ३२००० | ३२००० |
| २०१००४०५०३७७३ | Jalebiya Tharuni | ५-४-२०१० | ३४३८९ | ४८००० | |
| २००९०७१३०१९०६ | Jaikala Gurung | १३-०७-२००९ | २३४७६ | ३२००० | ३२००० |
| २००९०७१३०१८४९ | Jaikali Gurung | १३-०७-२००९ | २३४७६ | ३२००० | |
| २०१००११५१६१८१ | Bal Krishna Tharu | १५-०१-२०१० | ८४२५८ | ३२००० | ३२००० |
| २०१००११५१५९१२ | Bal Krishna Tharu | १५-०१-२०१० | ३४२७८ | ३२००० | |
| **जम्मा** | | | | | **१७३४९६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७३,४९६ |

२४.३ **केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी नभएको** - सामाजिक सुरक्षा नियमावली, २०७६ नियम २३ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरेको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन विद्युतीय प्रणाली मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७७।४।३२ को परिपत्रमा प्रत्येक चौमासिकको अन्तिममा खातामा जम्मा गरेको लाभग्राहीको Transaction ID सहितको विवरण (Reverse Feed) डिजिटल माध्यम स्थानीय तहलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेमा यस आर्थिक वर्षको वडा नं. ५ को दोस्रो त्रैमासिकको रु.५४९१६१६।-र वडा नं. ११ को तेस्रो त्रैमासिकको रु.९४३६६५९।- बराबरको भत्ता वितरण गरेको Reverse Feed केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी भएको पाइएन । सूचना प्रणालीमा आएको समस्याको कारण सो कार्य गर्न नसकिएको पालिकाको भनाई रहेको छ । उक्त त्रैमासिकको भत्ता वितरण गरेको Reverse Feed केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी नभएकोले सामाजिक सुरक्षा भत्ताको विद्युतीय प्रणाली मार्फत सार्वजनिक हुने त्रैमासिक तथा वार्षिक प्रतिवेदनले यथार्थ सूचना प्रदान गर्न नसकेकोले पालिकाले सो तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **बढि भुक्तानीः**

२५.१ पालिकाले शिक्षक किताबखानाबाट पारीत तलवि प्रतिवेदन र कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० अनुसारको दरमा शिक्षकहरुको तलव विद्यालयहरुको खातामा निकासा गर्नुपर्दछ । तर पालिकाले देहायका विद्यालयको शिक्षकहरूको नाममा पारीत ग्रेडभन्दा बढी तथा शिक्षक बढुवा भएको एक बर्ष समेत नपुगेकोमा बैशाखबाट पुनः थप १ ग्रेड खर्च निकासा दिएको पाईयो । उक्त बढी निकासा रकमको असूल गरी संघिय संचितकोषमा दाखिला हुने रु.

| **सि.नं** | **शिक्षक** | **विद्यालय** | **बढुवा तह** | **बढुवा मिति** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|
| १. | टंक प्रासाद पौडेल | जनजागृति मा.वि | नि.मा.द्धि | २०७९।९।४ | ४८०५ |
| २. | दिलमाया पुन | ज्योती मा.वि | प्रा.वि.प्रथम | २०७९।९।२६ | ४८०५ |
| ३. | कोपिला शर्मा | शान्ती मा.वि | प्रा.वि.प्रथम | २०७९।९।२६ | ४८०५ |
| ४. | डिल्लीराम गैर्हे | गौतमबुद्ध मा.वि | प्रा.वि.प्रथम | २०७९।९।२७ | ४८०५ |
| ५. | बिष्णु पौडेल | पशुपती मा.वि | प्रा.वि.प्रथम | २०७९।९।२८ | ४८०५ |
| ६. | झंकनाथ गैर्हे | जनज्योती मा.वि | नि.मा.द्धि | २०७९।९।४ | ४८०५ |
| ७. | दिलमाया खाँण | ज्योती आ.वि | प्रा.वि.प्रथम | २०७९।९।२६ | ४८०५ |
| ८. | गोमता ढकाल | शान्ती नमूना मा.वि | प्रा.वि.द्धि | २०७९।१२।२ | ३८२२ |
| ९. | बिष्णु प्रसाद अर्याल | शान्ती नमूना मा.वि | नि.मा.द्धि | २०७९।९।४ | ४८०५ |
| १०. | निर्मल पराजुली | शान्ती नमूना मा.वि | नि.मा.द्धि | २०७९।३।२८ | ४८०५ |
| **जम्मा** | | | | | **४७०६७।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,०६७ |

२५.२ विश्वशान्ति सार्वजनिक आधारभूत विद्यालयका प्रा.द्धि.शिक्षक तारा प्रसाद अर्याल २०७९।३।२८ मा प्रा.वि. प्रथममा बढुवा भएको पाईयो । निजको तल्लो पदमा खाईपाई आएको तलवस्केल माथिल्लो पदको भन्दा कम भएकोले थप ग्रेड नपाउने देखिएकोमा पालिकाले चैत्रसम्म १ ग्रेड र सो पश्चात् २०८० को तिन महिनामा २ ग्रेडले हुने रकमको तलव निकासा दिएको देखियो । पालिकाले २०७९।१२।२९ मा पारीत गरेको तलवी प्रतिवेदनमा निजको ग्रेड शुन्य बनाई पारित गरेपश्चात पालिकाले नौ महिनाको बढी ग्रेड कट्टा गरेकोमा बाँकि तिन महिनामा दुई ग्रेडको दरले हुने रु.९६१०।— बढी निकासा दिएको पाईयो । उक्त बढी भुक्तानी रकम सम्वन्धीतबाट असूल गरी राजश्व दाखिला हुने, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६१० |

## २६ पालिका वजेटबाट शिक्षकको तलब भत्ता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका र विद्यार्थी संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दि भित्र नपरेका शिक्षकलाई आ.वि.तर्फ ६ शिक्षकलाई बार्षिक रु.२७६८९४०।-र मा.वि तर्फ ८ शिक्षकलाई बार्षिक रु.४६२३६५६।-गरी जम्मा रु.७३९२५९६।-आन्तरिक स्रोतबाट तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो । यसरी स्वीकृत दरबन्दी भित्र नपरेका तथा शिक्षक विद्यार्थी अनुपात वेगर र दरवन्दि मिलान वेगर न्युन विद्यार्थी रहेको विद्यालयमा समेत अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ७३,९२,५९६ |

## २७ थप पाठ्यपुस्तक वितरण

२७.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०७९ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा दिनुपर्नेमा प्रथम किस्ता ७५% गो.भौ.२८५।०८०।१।३ बाट रु.७८६७६५४।-र पुनः थप निकासा गो.भौ. ३५९।०८०।२।३० बाट रु.२४४८३४५।-गरी जम्मा रु.१०३१५९९९।-विभिन्न ४२ विद्यालयहरुलाई मागका आधारमा निकासा दिएको पाईयो । तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा देहायका विद्यालयहरुलाई बढि IEMIS मा भएको तथ्याङ्क भन्दा देहाजअनुसारको बढी रकम निकासा दिएको पाईएकोले उक्त रकम असूल गरी संघिय संचितकोष खातामा पठाउनुपर्ने देखिएको, रु.

| सि.नं | विद्यालयको नाम | दिनुपर्ने निकासा | निकासा गएको | बढि निकासा |
|---|---|---|---|---|
| १ | शंकरनगर दुर्गादत्त मा.वि. | **१०५६००९।-** | **११२०८०७।-** | १०९७०।- |
| २ | शान्ती नमूना मा.वि. | ३०१७११८।- | ३०६५७३६।- | ४८६१८।- |
| **जम्मा** | | | | **५९५८८।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,५८८ |

२७.२ पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ अनुसारको अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०७९ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम विद्यालयको माग फारमको आधारमा पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था

छ । तर देहायको विद्यालयहरुलाई निम्नानुसारको रकम निकासा दिएको पाईएकोमा सो को विल भरपाई र विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई समेत पेश नगरी निकासा दिएको पाईयो । अतः सोको प्रमाण पेश हुने, रु.

| **सि.नं** | **विद्यालयको नाम** | **निकासा गएको** | **प्रमाण पेश भएको** | **विल र भरपाई पेश हुने** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | शान्ती नमूना मा.वि. | ३०६५७३६।- | - | ३०६५७३६।- | आंशिक विल।भरपाई पेश |
| २ | जनता मा.वि.वडा नं-१२ | ३०८५२४।- | २८२००९।- | २६५१५।- | ११ र १२ को पेश नभएको |
| ३ | पशुपति मा.वि. | ६२८३६९।- | - | ६२८३६९।- | पेश नभएको |
| ४ | जनज्योति मा.वि. | ५५८०२४।- | - | ५५८०२४।- | पेश नभएको |
| ५ | दुर्गा मा.वि. | १७८३५२।- | - | १७८३५२।- | पेश नभएको |
| **जम्मा** | | | | **४४५६९९६।-** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,५६,९९६ |

## २८ वालविकास कर्मचारी वितरण

पालिकाकाले कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० अनुसार विद्यालयको विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ । देहायका विद्यालयहरुमा वालविकासमा उल्लेख्य विद्यार्थी संख्या नरहेको अवस्थामा समेत वालविकास कर्मचारी संख्या बढि वितरण गरेको र पारीश्रमिक भुक्तानी समेत भएको छ । यसरी भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा वालविकास कर्मचारी नपुग हुने र देहाय अनुसारको विद्यार्थी कम भएकोमा बढि हुने अवस्था देखियो । अतः आवश्यकता र विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण हुनुपर्ने देखिन्छ ।

| **सि.नं** | **विद्यालय** | **वालविकास शिक्षक** | **विद्यार्थी संख्या** |
|---|---|---|---|
| १ | हाम्रो सगरमाथा आ.वि | ३ जना | ४५ |
| २ | पश्चिम पहुनी मा.वि | २ जना | ६४ |
| ३ | मेदिनी आ.वि | २ जना | २५ |
| ४ | जनभावना मा.वि | ४ जना | १३७ |
| ५ | गणेश आ.वि | २ जना | २८ |
| ६ | जनता मा.वि | २ जना | ४० |

| | | | |
|---|---|---|---|
| ७ | दुर्गा मा.वि | ३ जना | ५९ |
| ८ | सरस्वती आ.वि. | २ जना | ४६ |
| ९ | सेतो गुरास वालविकास सेवा | ४ जना | ६६ |
| १० | मधवलिया सामुदायिक सिकाई केन्द्र | २ जना | ४७ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **आवासिय छात्रवृत्ती**

कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को ७.२.१.१ को (क) ४.१.१ मा सबै प्रकारका आवासीय छात्रवृत्तिका लागि विद्यालय छात्रावास व्यवस्थापन निर्देशिका, २०७१ तथा विद्यालय छात्रवृत्ति व्यवस्था निर्देशिका, २०७४ अनुसार हुने गरी अपाङ्गता भएका बालबालिकाहरूको अध्ययन अवसरमा अभिवृद्धि र सिकाइमा गुणस्तर कायम गर्नका लागि आवासीय छात्रावासमा बसी अध्ययन गर्ने विद्यार्थीहरूको बसाइलाई व्यवस्थित गर्नको लागि प्रति विद्यार्थी प्रति महिना ४ हजारको दरले हिसाब गरी दश महिनाको हुने रकम अनुदान दिने व्यवस्था छ । पालिकाले शान्ती नमूना मा.वि.मा IEMIS मा अपाङ्गता भई आवासिय सुविधा उपभोग गर्ने विद्यार्थी ३० जना र गैर्ह्य आवासिय सुविधा उपभोग गर्ने विद्यार्थी ६ जनाको मात्रै तथ्याङ्क देखिएकोमा सोको हुने रु.१३२००००।—निकासा दिनुपर्नेमा ४१ जनाको आवासिय सुविधाको हुने रु.१६४००००।-र ६ जनाको गैर्ह्य आवासिय सुविधाको हुने रु.३००००।—गरी जम्मा रु.१७६००००।—निकासा दिएको पाईयो । यसरी ११ जनाको हुने रु.४४००००।—बढी निकासा दिएको पाईएकोले सोको प्रमाण पेश हुने अन्यथा असूल हुने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४०,००० |

३० विद्यार्थी **मूल्याढ्कन तथा ग्रेड निर्धारण**

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ तयार गरी लागु गरेकोमा विद्यालय शिक्षाको उपलव्धीलई विभिन्न ८ प्रकारमा स्तरीकृत गरेकोमा छ । सो निर्देशिका अनुसार ३५ प्रतिशत भन्दा कम उपलव्धी हाँसिल गरेको विद्यार्थीलाई स्तरीकरण गर्न नमिल्ने उल्लेख छ । पालिकासँग शैक्षिक सत्र २०७९ को कक्षा ८ को परीक्षाको प्रतिफल माग गरी परीक्षण गर्दा देअय अनुसार ३०१५ विद्यार्थी मध्ये देहायका विद्यार्थीहरूलाई मात्र ग्रेड बृद्धि गरेको र अन्य विद्यार्थीहरुलाई ग्रेड बृद्धि नगरि सोहि कक्षामा राखेको देखियो । यसरी हेर्दा कक्षा ८ को औषतमा ५.८५% विद्यार्थीको परीक्षाको प्रतिफल निराशाजनक रहेको देखियो भने अन्य कक्षाको समेत उल्लेख्य नतिजा देखिएन । पालिकाले मातहतका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमको साथै पठनपाठनमा विषेश पहल गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| बिषय | सहभागि | A+ | A | B+ | B | C+ | C | D | Non Grading | Non Grading % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विषय | ३०१५ | ७२ | १८९ | ५९७ | ११०४ | ४२६ | २७५ | २५४ | ९८ | ३.२५ |
| नेपाली | ३०१५ | १२२ | २४३ | ७४३ | ८४१ | ३२२ | २१९ | ३५७ | १६८ | ५.५७ |
| अंग्रेजी | ३०१५ | १९८ | २५७ | ३२२ | ५६७ | ४६९ | ४५६ | ५१३ | २३३ | ७.७२ |
| गणित | ३०१५ | १६९ | २७५ | ३९१ | ६७८ | ४६७ | ३९७ | ४८५ | १५३ | ५.०७ |
| विज्ञान तथा वातावरण शिक्षा | ३०१५ | १४८ | ३२६ | ४१२ | ६०२ | ४४८ | ४७३ | ४६८ | १३८ | ४.५७ |
| सामाजिक अध्ययन तथा जनसंख्या | ३०१५ | १९३ | २९७ | २८४ | ५२२ | ५६७ | ४५६ | ५३६ | १६० | ५.३० |
| स्वाश्थ्य तथा शारिरीक शिक्षा | ३०१५ | २१९ | ३१२ | ३६७ | ५२३ | ४२५ | ४०३ | ५६२ | २०४ | ६.७६ |
| पेशा, व्यवसाय तथा प्रविधी शिक्षा | ३०१५ | १७८ | ३२६ | ३५१ | ५७३ | ४६८ | ३९२ | ५०६ | २२१ | ७.३३ |
| नैतिक शिक्षा | ३०१५ | १९७ | ३०७ | ३६७ | ५८२ | ४५३ | ३६७ | ५२९ | २१३ | ७.०६ |
| कम्प्यूटर विज्ञान | ३०१५ | ७२ | १८९ | ५९७ | ११०४ | ४२६ | २७५ | २५४ | ९८ | ३.२५ |
| **जम्मा** | | | | | | | | | | **५.८५** |

सैद्धान्तिक बेरुजु

३१ **फरक तथ्याङ्क**

कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० अनुसार विद्यालयहरूले वास्तविक विद्यार्थीहरूको संख्याको आधारमा IEMIS को तथ्याङ्क अद्यावधीक गर्नुपर्ने र सोको आदारमा पालिकाले तोकिएको अनुदान रकम उपलव्ध गराउनुपर्ने उल्लेख छ । पालिका अन्तर्गतका देहायका विद्यालयहरूको गत आर्थिक बर्षको कक्षा ११ का विद्यार्थीहरू नै यस शैक्षिक शत्रमा कक्षा १२ मा जाने हुदा सोहि संख्या वा सो भन्दा कम विद्यार्थी हुनुपर्नेमा गत बर्षको ११ कक्षा भन्दा यस बर्षको १२ कक्षामा संख्या अस्वाभाविक बढी देखाएको छन । जसले गर्दा पाठ्यपुस्तक लगायतको अन्य अनुदान समेत बढी जानसक्ने देखिएकोले पालिकाले निज विद्यालयहरूको IEMIS को तथ्याङ्क यकिन गर्नुपर्ने देखिन्छ ।

| सि.नं | विद्यालय | गत सालको कक्षा ११ | यस बर्षको कक्षा १२ | फरक संख्या |
|---|---|---|---|---|
| १. | शंकरनगर दुर्गादत्त मा.वि. | ६६ जना | १२६ जना | ६० जना |

| | | | | |
|---|---|---|---|---|
| २. | शान्ती नमूना मा.वि. | ८७३ जना | ९१८ जना | ४५ जना |
| ३. | जनज्योती मा.वि. | ५९ जना | ८६ जना | २७ जना |
| ४. | गौतम बुद्ध मा.वि. | ६६ जना | ८४ जना | १८ जना |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **सामानको गुणस्तर परिक्षण नभएको**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले Digital Library व्यवस्थापनको लागि सबै विद्यालयमा एकै प्रकृतिको सामान खरिद गर्न स्पेशिफिकेसन तयार गरी सबै विद्यालयहरुलाई परिपत्र गरेको छ ।पालिकाका देहायका ३ विद्यालयले Digital library का रु.१९५००००। मुल्य बराबरका सामानहरु खरिदमा विद्यालयले सामानको बृस्तित स्पेशिफिकेसन तयार नगरेको, बिक्रेताले जारी गरेको बिजकमा सामानमा कम्पनीको नाम तथा स्पेशिफिकेसन उल्लेख नभएकोले तोकिएको स्पेशिफिकेसन बमोजिम सामान खरिद भएको वा नभएको सम्बन्धमा प्राविधिकबाट तयार गरिने Inspection Report समेत संलग्न नभएको खरिद भएको सामान तोकिए बमोजिमको गुणस्तरको रहे नरहेको विषयमा आस्वस्त हुन सकिएन । तसर्थ तोकिएको स्पेशिफिकेसन बमोजिम सामान खरिद भएको अनियमित देखिएको रू.

| गो.भौ.नं/मिति | विद्यालयको नाम | वापत | भुक्तानी |
|---|---|---|---|
| ३४।२०७९।११।१७ | पश्चिम पहुनी मा.बि, तिलोत्तमा-६, पूर्वपाहुनी | आइटी ल्याव | ६५०००० |
| ५१।२०८०।०१।२० | शान्ती नमुना मा.बि | आइटी ल्याव | ६५०००० |
| ९१।२०८०।०३।०८ | जनहित मा.बि, मैनहवा १० | आइटी ल्याब | ६५०००० |
| **जम्मा** | | | **१९५००००** |

| | |
|---|---|
| अनियमित भएको | १९,५०,००० |

३३ **तलवी भरपाई**

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारीत तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यारत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको चौमासिकको तलवी भरपाई एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टा दाखिलाको प्रमाण सहित पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष शिक्षकको तलव भत्ता शिर्षकमा रु.२५१२३६९८३।—खर्च गरेकोमा अन्तर्गतका केहि विद्यालयहरुले पूर्ण रुपमा सोको कार्यान्वयन गरेको पाईएन जसले गर्दा तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३४ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४२ सामुदायिक विद्यालयहरु मा ३७५ जना शिक्षक दरवन्दी रहेकोमा स्थायी ३६२ र करार ६ जना सहित पदपूर्ति भएको देखियो भने ४ जना दरवन्दि रीक्त रहेको देखियो । पालिका अन्तर्गतका विद्यालयहरुमा कूल १९४५२ जना विद्यार्थीको संख्या रहेकोमा प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा १:५१ र न्युन विद्यार्थी रहेका विद्यालयमा मात्रै प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा १:३० देखिन्छ । यसरि विद्यार्थीहरुको संख्या नगण्य रहेको र अवस्थामा समेत पालिकाले पुनः आन्तरीक वजेटबाट निजि शिक्षकको लागि समेत अनुदान दिने गरेको पाईयो । यसरी न्यून विद्यार्थी रहेका विद्यालयलाई पालीकाले विद्यार्थी संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जान आवश्यक देखिन्छ।

सैद्धान्तिक बेरुजु

३५ **दिवा खाजा**

३५.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७८।७९ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न ४२ वटा विद्यालयहरुमा गरी जम्मा रु.२१४०२५४२।—विद्यालयहरुको खातामा निकासा दिएको पाईयो । विद्यालयहरुलाई चौमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन समेत गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५.२ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यार्थीको संख्यात्मक विवरण विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित नगराई केवल प्रधानाध्यापकको मागको आधारमा निकासा दिने गरेको पाईयो । पालिकाले विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई त्रैमासिक किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम

कार्यान्वयन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिने तथा सोको सदुपयोग सम्वन्धमा समेत पालिकाले ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५.३ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विल भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५.४ कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार पालिकाले विद्यालयहरुले पेश गरेको विद्यार्थीको हाँजिरी र पालिकामा अद्यावधिक विद्यार्थीको तथ्याङ्कको आधारमा चौमासिक रुपमा दिवा खाजाको रकम भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले विद्यार्थीको हाँजिरी र पालिकामा अद्यावधिक विद्यार्थीको तथ्याङ्क भन्दा बढी देहायको विद्यालयहरुलाई शशर्त वजेटबाट बढि निकासा दिएको पाईयो । अतः उक्त रकम असूल गरी संघिय संचित कोषमा दाखिला हुनुपर्दछ, रु

| **सि.नं** | **विद्यालयको नाम** | **निकासा दिनुपर्ने** | **निकासा दिएको** | **बढि निकासा रु.** |
|---|---|---|---|---|
| १ | शंकरनगर दुर्गादत्त मा.वि. | १०५६००९।- | ११२०८०७।- | ६४७९८।- |
| २ | पशुपति मा.वि. | १०९०७०७।- | ११८५३३३।- | ९४६२६।- |
| ३ | जनजागृति मा.वि. | १०७६४४५।- | १११५८९३।- | ३९४४८।- |
| **जम्मा** | | | | **१९८८७२।-** |

| असुल गर्नुपर्ने | १,९८,८७२ |
|---|---|

३५.५ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ६ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयहरुमा दिवा खाजाको निकासा दिंदा अगाडिको त्रैमासिक निकासाको खर्चको प्रमाणका साथै विद्यार्थीहरुको प्रमाणित हाँजिरी समेत पेश गर्नुपर्ने

व्यवस्था अनुसार पेश भएको हाँजिरी परीक्षण गर्दा देहायका विद्यालयहरुमा बर्षभरी नै १०० प्रतिशत विद्यार्थी हाँजिरी रहेको पेश गरेको आधारमा भुक्तानी दिएको छ । यसरी वालविकास देखि ६ कक्षा सम्म नै बर्षभरी शत् प्रतिशत विद्यार्थी हाँजिरी रहेको पेश गरेको पाईएकोले निज विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको हाँजिरी वास्तविक हो भनि यकिन हुनसक्ने आधार देखिएन । तपशिलका विद्यालयहरुको विद्यार्थी संख्या, हाँजिरीको अवस्था, शैक्षिक उपलव्धी र दिवा खाजाको सदुपयोगको सम्वन्धमा पालिकाले छानविन गरी थप असूल हुने देखिएमा असूल समेत गरी प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ, रु.

| **सि.नं** | **विद्यालयको नाम** | **निकासा दिएको** |
|---|---|---|
| १. | शंकरनगर दुर्गादत्त मा.वि. | ११२०८०७।- |
| २. | पश्चिम पहुनी मा.वि. | ५८२७९०।- |
| ३. | भूल्के मा.वि. | ४४४६४६।- |
| ४. | विश्वशान्ती मा.वि. | ६६२२८१।- |
| ५. | टिकुलीगढी मा.वि | ७४५०६४।- |
| **जम्मा** | | **३५५५५८८।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,५५,५८८ |

### ३६ छात्रवृत्ति वितरण

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) वितरण अन्तर्गत पालिकाले विभिन्न विद्यालयहरुमा गो.भौ. ३१५।२०८०।२।२ बाट छात्रावृत्ति बापतको रकम रु.२३७००००।-निकासा दिएको पाईयो । पालिकाले निकासा दिएको रकम मध्ये पश्चिम पहुनी मा.वि. लाई रु.५९०००।—निकासा दिनुपर्नेमा रु.२१२२००।—निकासा दिएको पाईएकोले बढि निकासा रु.१५३२००।—दिएको पाईयो । विद्यालयले रु.५९०००।—को मात्र विद्यार्थीहरुलाई बुझाएको भरपाई पेश गरेकोले बढी निकासा रकम सम्वन्धित विद्यालयहरुबाट असूल हुनुपर्ने, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५३,२०० |

### ३७ सामुदायिक सिकाइ केन्द्रको सञ्चालन अनुदान

३७.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को २.७.१३.११ (६.५) मा स्थानीय तहको शिक्षा शाखाले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी तपसिलका मापदण्ड पूरा गरेका केन्द्रहरूलाई एकमुष्ठ रु २ लाख रकम अनुदान उपलब्ध गराउने उक्त अनुदान रकमबाट सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको निर्णयानुसार समुदाय परिचालकका प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रू. ८०००। का दरले १३ महिना बराबरको पारिश्रमिक भुक्तानी गर्ने र नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा नपुग हुने रकम स्थानीय

तहले थप गर्न सक्ने व्यवस्था छ । साथै यसरी पारिश्रमिक भुक्तानी पश्चात बाँकी अनुदानबाट सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८ ले उल्लेख गरे बमोजिमका वार्षिक कार्यक्रमहरू तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । तर देहायका दुई सामुदायिक सिकाइ केन्द्रहरूलाई पालिकाले रु २ लाख रकम अनुदान दिनुको अलावा देहाय अनुसारको वालविकास शिक्षकहरूको तलव जनाई रकम निकासा दिएको छ । यसरी निर्देशिकाले तोकेको वाहेक बढी निकासा रकम रु.६८४०००।-अनियमित देखिएको, रु.

| सि.नं | सामुदायिक सिकाइ केन्द्र | वाल विकास संख्या | बार्षिक अनुदान रकम रु. |
|---|---|---|---|
| १ | सेतो गुरास सामुदायिक सिकाइ केन्द्र | ४ जना | ४५६०००।- |
| २ | मधबलिया सामुदायिक सिकाइ केन्द्र | २ जना | २२८०००।- |
| **जम्मा** | | | **६८४०००।-** |

| | |
|---|---|
| अनियमित भएको | ६,८४,००० |

३७.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.७.१३.११ मा स्थानीय तहले सामुदायिक विद्यालयका रूपमा अनुमति लिई सञ्चालनमा रहेका परम्परागत शिक्षा दिने गुरूकुल/आश्रम, गुम्बा/बिहार, मदरसा जस्ता विद्यालय यकिन गरि यस्तो प्रकारका विद्यालयले राहत शिक्षक अनुदान/स्वीकृत दरबन्दी प्राप्त गरेको भए यस क्रियाकलापमा उल्लेखित अनुदान वापतको रकम उपलब्ध नगराउने साथै यस प्रकृतिका विद्यालयले राहत शिक्षक अनुदान/स्वीकृत दरबन्दी प्राप्त गरेकोमा सो फिर्ता गरी अनुदान मात्र लिन चाहेमा एकमुष्ठ अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले गो.भौ.१९६।०७९।९।१९ बाट परम्परागत विद्यालय अनुदान जनाई रु.१००००००।—अनुदान निकासा दिएको पाईयो । तर सो परम्परागत विद्यालयलाई राहत कोटा १ तथा शिक्षण सहयोग वापतको अनुदान समेत १ जना शिक्षक गरी हुने रकम रु.८७८२५०।-अनुदान दिएको पाईयो । यसरी दोहोरो पर्नेगरी निकासा दिन नमिल्नेमा पालिकाले बढी निकासा दिएको पाईएको रकम रु.१००००००।—नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

## ३८ राष्ट्रिय शिक्षा नीतिको पालना

३८.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

¬ सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।

¬ मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

¬ अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।

¬ प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८.३ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

¬ निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।

¬ मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

¬ निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।

¬ शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।

¬ अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को २.५.१ मा शिक्षण सिकाई सामाग्री तथा BOOk CORNER व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा १-५ को लागि रु.१५०।-, शिक्षण सिकाई सामाग्री व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ६-८ को लागि रु.२००।-र कक्षा ९-१० को लागि रु.२००।- का दरले र कक्षा ११ र १२ मा रु.२५०।- का दरले हुने एकमुष्ठ रकम विद्यालय खातामा निकासा दिने र सोहि अनुसार तोकिएको क्रियाकलाप विद्यालयले सम्पन्न गर्ने उल्लेख छ । पालिकाले यस बर्ष सो कार्यक्रमको लागि शशर्त वजेटको पूँजीगत शिर्षकको गो.भौ.१५।०७९।९।१५ बाट विभिन्न विद्यालयलाई रु ४१८३७०००।-खर्च लेखेको पाईयो । कार्यालयले खर्च लेख्दा शान्ति नमूना मा.वि.लाई गत शैक्षिक शत्रको कक्षा ११ को IEMIS मा भएको तथ्याङ्क चालु शैक्षिक शत्रमा भिडाउँदा कक्षा १२ मा जाने विद्यार्थी अस्वाभाविक बढेको देखियो । यसरी परीक्षण गर्दा यस बर्ष सो विद्यालयमा रु.३२८२००।—निकासा दिनुपर्नेमा रु.३३९४००।—निकासा दिएको पाईएकोले रु.११२००।—बढि रकम विद्यालय खातामा निकासा दिएको पाईयो । यसरी बढि निकासा दिएको रकम रु.११२००।-सम्वन्धित विद्यालयबाट असूल संघिय संचित कोषमा दाखिला हुनुपर्दछ, रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२०० |

## ४० स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले सो विद्यार्थी संक्यालाई मनन गरी प्याडको खरिद गरी लाभग्राहिलाई वितरण गर्नुपर्ने देखिन्छ। तर पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा यस बर्ष रु.५००३०००।—वजेट विनियोजन भएकोमा खरीद गरेको देखिएन। यसरी खरीद गरी वितरण नगर्दा सरकारको उदेश्य परीपूर्तिमा असर गर्ने देखिन्छ, अतः आवश्यक गुणस्तर र संख्यामा खरिद गरी वितरण गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ४१ सिकाई सहजिकरण

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.७.१३.४२ मा स्थानिय तहमा कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रमको व्यवस्था छ । पालिकाले स्थानिय तह भित्र अध्ययनरत विद्यार्थीहरु सञ्चार माध्यम तथा ईन्टरनेट सुविधाको पहुँच नभएका वालबालिकाको तथ्याङ्क यकिन गरी त्यस प्रकारको विद्यार्थीहरुको सिकाई निरन्तरताको लागि केन्द्रबाट विकास भएका तथा स्विकृत पाठ्यसामाग्री छपाई गरी वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष विनियोजित रकमबाट स्विकृत पाठ्यसामाग्री खरीद गरी वितरण नगरी एकिकृत पाठ्यक्रम मूल्याङ्कन अभिलेख फारम छपाई गरी विभीन्न ४२ विद्यालयहरूलाई वितरण गरेको जनाई गो.भौ.३५८।०८०।२।२६ बाट फास्ट प्रिन्टर्स एण्ड डिजाईनिङ्ग प्वाईण्टलाई रु.४९९८५५।-भुक्तानी खर्च लेखेको छ । आर्थिक बर्षको अन्तिममा पालिकाले छपाई गरेको भनिएको उक्त फारमहरु विद्यालयलाई वितरण गरेकोमो सोको उपलव्धी मापन के हो सो सम्वन्धमा पालिकाले अनुगमन गरेको छैन । यसरी कार्यक्रमको उदेश्य भन्दा वाहिर गरेको खर्चले उदेश्य प्रासि नहुने देखिने तथा बर्षान्तमा खरीद गर्दा प्रतिश्पर्धा समेत नहुने देखिएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९९,८५५ |

४२ **शिक्षण सहयोग**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । पालिकाले यस बर्ष शुन्य दरवन्दि भएका माध्यमिक विद्यालयलाई अनुदान भनि विभिन्न ५ विद्यालयलाई २ जना शिक्षकको दरले, १ वटालाई १ जना र आधारभूततर्फ विभिन्न ५ विद्यालयलाई १ जनाको दरले गरी कूल १६ जना शिक्षकको रकम निकासा दिएको छ । पालिकाले शिक्षक दरवन्दि अनुपात नहेरी निकासा दिएको भएतापनि केहि विद्यालयमा शुन्य दरवन्दि रहेकोमा देहायका केहि विद्यालयमा शुन्य दरवन्दि भएको पाईएन । निर्देशिकाले तोकेको मापदण्ड पुरा गरी निकासा दिनेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं | विद्यालय | दरवन्दि | न.पा.अनुदान | शिक्षक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| **कक्षा ६-८** | | | | | |
| १. | दुर्गा बैदिक संस्कृत विद्यापिठ-१ | १ | ० | १ | ८५ |
| २. | भूल्के मा.वि. | ० | १ | १ | ७२ |
| ३. | गणेश आ.वि. | ० | १ | १ | २७ |
| ४. | बालकल्याण आ.वि. | ० | १ | १ | ३६ |
| ५. | बालबिकास आ.वि. | ० | १ | १ | ३२ |
| **कक्षा ९-१०** | | | | | |
| ६. | जनता मा.वि.मोहनाज्यो | १ | १ | २ | ७९ |
| ७. | दुर्गा मा.वि. | ० | १ | २ | ८१ |
| ८. | मधवलिया मा.वि. | ० | १ | २ | ४३ |
| ९. | वरवलिया मा.वि. | ० | १ | २ | २५ |
| १०. | भूल्के मा.वि. | ० | १ | २ | ४६ |
| ११. | जनभावना मा.वि. | १ | १ | १ | १५७ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **संचालन नभएका कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगति कार्यक्रम गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष प्राप्त शशर्त बजेट मध्ये देहाय अनुसारको कार्यक्रमहरु नगरी रकम फ्रिज गरेको छ । बार्षिक रुपमा विनियोजित रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलब्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| **सि.नं** | **कार्यक्रम** | **रकम रु.** |
|---|---|---|
| १. | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | ५००३०००।- |
| २. | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | १०००००।- |
| ३. | कार्यगत अभ्याससहितको तालिम सञ्चालन | २८७२१३७।- |
| ४. | गुनासो सुनुवाइ कार्यक्रम | २०००००।- |
| ५. | पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | १५००००।- |
| ६. | किसान सूचीकरण कार्यक्रम | ३०००००।- |
| ७. | पोषण संवेदनशील | १५००००।- |
| **जम्मा** | | **८७७२४३७।-** |

सैद्धान्तिक बेरुजु

४४ **मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने उल्लेख छ । पालिकाले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट विभिन्न कार्यक्रम गरेको जनाई विभिन्न गोश्वारा भौचरहरूवाट निम्नानुसारको खर्च आर्थिक बर्षको अन्त्यमा गरेको छ । पालिकाले सो कार्यक्रमको लागि आवश्यकताको आधारमा माग लिएर सोको आधारमा छनौट गरी तोकिएको खरीद प्रकृया अनुसार खरीद तथा वितरण गर्नुपर्ने देखिन्छ । पालिकाले देहायको खर्च गरेकोमा सो खरीदको निर्णय पेश गरेको छैन साथै प्याकेज बनाई वोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा बर्षान्तमा टुक्रा पारी खरीद गरी वितरण गरेको छ । यसरी तोकिए अनुसारको लागत अनुमान तयार तथा खरीद प्रकृया वेगर खरीद गर्दा खरीदमा प्रतिश्पर्धाको वातावरण सृजना

नहुने तथा मितव्ययी र निर्णयमा पारदर्शिता समेत नहुने देखिन्छ । पालिकाले खरीदमा प्रतिशपर्धात्मक वातावरणको सृजना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४५ **अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उपप्रमुखको संयोजकत्वमा गठित समितिले नगरपालिकामा भएका योजना तथा कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम निर्देशिका, २०७९ मा विद्यालयको भौतिक निर्माण सम्पन्न वापत खर्च भएको र अनुदानको अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले देहायका विद्यालयमा निर्माण सम्पन्न भनिएका कार्यक्रमको खर्चको सार्थकता एवं उपयोगिताको सम्बन्धमा अनुगमन गरी अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा एकिन गर्नुपर्नेमा सो बमोजिम अनुगमन भए गरेको नपाइएकोले निर्देशिकामा व्यवस्था भए बमोजिम विद्यालयमा दिएको अनुदानको नियमित अनुगमन गरी सो को पृष्ठपोषण लिनुपर्दछ ।

| भौ.नं/मिति | विद्यालयको नाम | वापत | भुक्तानी |
|---|---|---|---|
| २५०।२०७९।१०।०३ | उमा आधारभुत विद्यालय, ति.न.पा ६ | विज्ञान प्रयोगशाला | ६५०००० |
| ३१।२०७९।११।१७ | पश्चिम पहुनी मा.बि, ति.न.पा ६ | विज्ञान प्रयोगशाला | ६४९८८९ |
| ३३।२०७९।१०।०३ | विश्वशान्ति सामुदायिक आ.बि | विज्ञान प्रयोगशाला | ६५०००० |
| ३७।२०७९।११।१८ | सरस्वती आ.बि, ति.न.पा | विज्ञान प्रयोगशाला | ६५०००० |
| ५७।२०८०।०१।२९ | प्रभात आ.बि, ति.न.पा ७ | पुस्तकालय स्थापना | ६५०००० |

साथै प्रभात आधारभुत विद्यालय तिलोत्तमा-७ भलवारीले प्रभात बुक्स एण्ड स्टेशनरी बुटवलबाट रू.१५००२४/- मूल्य बराबरका १२३ थान पुस्तक खरिद गरेकोमा उक्त पुस्तक विद्यालयले खर्च भएर जाने जिन्सी पानामा दाखिला गरी खर्च देखाएकोले उक्त पुस्तक लाइब्रेरी जिन्सी खातामा आम्दानी बाँधी खर्च भएर नजाने जिन्सी खातामा आम्दानी जनाउनुपर्ने देखिएको रकम रू.

| प्रमाण पेश नगरेको | १,५०,०२४ |
|---|---|

४६ **बिल भरपाई नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सो रकम पुष्टी गर्ने बिल, भरपाई, प्रमाण तथा कागजात संलग्न राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले पशुपति मा.बि तिलोत्तमा-१५ लाई विद्यालय व्यवस्थापन खर्च वापत रू.३००००००/- निकासा दिएकोमा उक्त विद्यालयले शैक्षिक व्यवस्थापन वापत के के मा खर्च गरिने सो को प्रस्ताव र कुन कुन शिर्षकमा खर्च भएको हो सो को बिल भरपाई प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रकम रू.

| प्रमाण पेश नगरेको | ३०,००,००० |
|---|---|

४७ **स्थानीय पाठ्यपुस्तक (कक्षा ६ देखि ८) छपाई तथा वितरण**

कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० बमोजिम स्थानीय तहले शैक्षिक सत्रको शरुमा नै पाठ्यपुस्तकको उपलब्धता र वितरणको सुनिश्चितता गर्नुपर्दछ । यस सियारी गाउँपालिकाले शैक्षिक सत्र २०८० मा लागू गर्ने उद्देश्यका साथ आथिक वर्ष २०७९।८० मा स्थानीय पाठ्यपुस्तक छपाई तथा वितरण शीर्षकमा रु.१५,००,०००।— विनियोजन गरी मिति २०८०।२।२४ मा पाठ्यपुस्तक छपाई वापत रु.९,८३,०१६।-भुक्तानी गरेको छ । स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकरण निर्देशिका बमोजिम स्थानीय पदाधिकारी, स्थानीय शिक्षक, प्र.अ., विषय विज्ञ लगायत अन्य सरोकारवालाहरुको समेतको संलग्नतामा स्थानीय पाठ्यक्रम विकास समिति तथा स्थानीय पाठ्यक्रम प्राविधिक कार्यदल गठन गर्नुपर्नेमा सो भएको पाइएन । यस वर्ष स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक जेठ मसान्तमा छपाई भएकोले विद्यालयहरूमा शैक्षिक सत्रको शरुमा नै पाठ्यपुस्तकको उपलब्धता र वितरणको सुनिश्चितता नभएको उद्देश्य अनुरुप कार्यक्रमले उपलब्धी हाँसिल गर्न सकेन । तसर्थ पालिकाले स्थानीय पाठ्यक्रम विकास प्रक्रियामा स्थानीय विज्ञ, अभिभावक, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समिति समेतलाई सहभागी गराई स्थानीय सहभागिता सुनिश्चित गर्नुपर्दछ र साथै स्थानीय तहले शैक्षिक सत्रको शरुमा नै पाठ्यपुस्तकको उपलब्धता र वितरणको सुनिश्चितता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि भुक्तानी गरेको देखिन्छ । यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेकोले अनियमित भएको रु.

| **गो.भौ.नं./मिति** | **खर्चको विवरण** | **हुनुपर्ने खर्च शिर्षक** | **भएको खर्च शिर्षक** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ३७०।२०७९।०७।२६ | पंखा तार सकेट लगायतका सामाग्री खरिद | विविध | पानी तथा विजुली | ९१६५३ |
| ८७८।२०७९।०९।११ | बुद्ध सर्किट रोडमा फाइबर तथा CCTV जडान | मेशिनरी औजार | सेवा तथा परामर्श | ४४५००० |
| ९४७।२०७९।०९।२८ | विद्युतीय सामाग्री खरिद | विविध | पानी तथा बिजुली | ८७०७२ |
| १८३६।२०८०।०१।२८ | विद्युतीय सामान खरिद | विविध | पानी तथा बिजुली | ३५५८३ |
| २७५९।२०८०।३।२४ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको विशेष बुलेटिन छपाई | विशेष बुलेटिन छपाई | स्थानीय पाठ्यपुस्तक छपाई तथा वितरण | ४९९३७५ |

| जम्मा | ११५८६८३ |
|---|---|

| अनियमित भएको | ११,५८,६८३ |
|---|---|

### ४९ पाम्सको प्रयोग

नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरू एवं सबै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रूपमा लागू गरेको छ । पालिकाले यो आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षातर्फ खरीद गरेको औषधि, मेडिकल सामानहरु र उपकरण पालिकाको केन्द्रिय जिन्सि खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन । साथै मर्मत तर्फको सामानहरू समेत पाम्समा रेकर्ड अद्यावधिक नगरेको कारण कुन कुन सामान कुन मेशिन औजारको मर्मतमा प्रयोग भएको हो यकिन हुन सकिने अवस्था रहेन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

### ५० रितपूर्वकको कर विजक

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्न भौचर र मितिबाट निम्न फर्मले जारी गरेको बिजक रितपुर्वक नरहेको देखिएकोमा समेत भुक्तानी दिएको देखियो । अतः सो रकमको मूल्य अभिवृद्धि कर रु. सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने, रु.

| सि.नं | गो.भौ | फर्म | भुक्तानी रकम | मू.अ.कर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३१ | चण्डिका होम डेकोर | ३८४४३७।- | ४४२२७।- | २०८० बाट ननफाईलर समेत रहेको |
| २ | २० | युनिटेक स्ट्रक्चरल सर्भिसेज | ४७२०००।- | ५४३०१।- | |
| जम्मा | | | | ९८५२८।- | |

| प्रमाण पेश नगरेको | ९८,५२८ |
|---|---|

### ५१ खरिद कारवाही अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राखु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन

प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ५२ VAT समायोजन र धरौटी फिर्ता रकम नभिडेको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा सार्वजनिक निकायले खरिद सम्झौता वापतको अन्तिम बिल भुक्तानी गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायको फर्म वा सप्लायर्सलाई धरौटी वापतको रकम भुक्तानी गर्दा सम्बन्धित फर्मले पेश गरेको मुल्य कर समायोजन रकम र धरौटी फिर्ता रकम भिडान नभएकोले रकम भिडान भएको प्रमाण पेश हुनुपर्ने अन्यथा पालिकाबाट मूल्य अभिवृद्धि कर वापत भुक्तान भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रकम रू.

| **गो.भौ.नं/मिति** | **फर्मको नाम** | **धरौटी फिर्ता रकम** | **कैफियत** |
|---|---|---|---|
| १६।२०७९।०५।२१ | चन्द्रमा कन्स्ट्रक्सन | १०६७१८ | VAT समायोजन पेश नभएको |
| ५८।२०७९।०९।१४ | भुसाल निर्माण सेवा | १६२८४७ | रकम एकिन नभएको |
| ८५।२०८०।०१।०३ | एम.बि.एस निर्माण सेवा | ८५३८४७ | कम रकमको समायोजन पेश |
| ८६।२०८०।०१।१३ | शीतल बिजनेस ग्रुप | ९४०६४ | कम रकमको समायोजन पेश |
| ९४।२०८०।०१।१७ | मोर्डन निर्माण सेवा | १६६१०२ | कम रकमको समायोजन पेश |
| १२४।२०८०।०३।१८ | बुद्ध ट्रेडर्स एण्ड इम्पोटर्स | १५९६०६ | कम रकमको समायोजन पेश |
| **जम्मा** | | **१५४३१८४** | |

| प्रमाण पेश नगरेको | १५,४३,१८४ |
|---|---|

## ५३ पूर्व निर्धारित क्षतिपूर्ति

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक र निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकममा दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन ०.०५ प्रतिशतको दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले स्टेशनरी सामान सप्लायर्सको लागि टेण्डर आह्वान गरेकोमा सबैभन्दा कम कबोल गर्ने पार्गन इन्टरनेशनल ट्रेड सप्लायर्ससँग मिति २०७९।०७।३० सम्ममा सामान सप्लाई गर्ने गरी मिति २०७९।०७।१५ मा सम्झौता गरेको छ । पालिकाले तयार गरेको मिति

२०७९।०७।१५ को खरिद आदेशमा मिति २०७९।०८।११ मा सामान आपूर्ति गर्ने मिति राखेको,सप्लायर्सले विजक नं १४३ र १४६ बाट मिति २०७९।०८।११ मा रू.३००८०००/- बिल जारी गरेको छ । सो सम्बन्धमा पालिका र सप्लायर्ससँग भएको सम्झौताभन्दा ११ दिन ढिला कार्यसम्पन्न भएकोले नियमानुसार सम्झौता रकमको ०.०५ प्रतिशतले हुने रकम रू.१६५४४/- सम्बन्धित सप्लायर्सबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,५४४ |

## ५४ भुक्तानीमा करकट्टी

आयकर ऐन, २०५८ बमोजिम कक्षा सञ्चालन वापत भुक्तानी गर्दा भुक्तानीमा करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले नेपाल मगर संघदाई जनजाती क्षमता अभिवृद्धि कार्यक्रम संचालन वापत रू.१०००००/- भुक्तानी गरेको छ।जसमध्ये रू.३८०००/- रकम बराबरको कक्षा सञ्चालन वापत भत्ता रकम भुक्तानी भएको देखिन्छ ।कक्षा सञ्चालनवापतकोपारिश्रमिक भुक्तानी गर्दा १५ प्रतिशत(रू.५७००/-)करकट्टी गर्नुपर्नेमा १ प्रतिशतको दरले रू.५७०/- मात्र करकट्टी भएकोले बाँकी कट्टी हुनुपर्ने रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१३० |

## ५५ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न मालसामान खरिद कार्य गर्दा ऐन नियमको व्यवस्था पालना नगरी प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद गरेको देखिएको छ । पालिकाले नियमानुसार खरीद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।नमूना परीक्षण गर्दा सोझै खरिद गरिएको उदाहरण निम्न छन्

| भौचर नं/ मिति | विवरण | फर्मको नाम | प्यान नं | भुक्तानी रकम |
|---|---|---|---|---|
| १८००।२०८०।१।२० | मसलन्द तथा कार्यालय सामाग्री खरिद | पार्गन इन्टरनेश्नल ट्रेड | ३०३२८७९२२ | ३५२,७८५ |
| २२५५।२०८०।३।५ | छपाई तथा मसलन्द | फोर स्टेप ट्रेड्स एण्ड सप्लायर्स | ३०५३५२१६५ | ४६७,८२० |
| २२९६।२०८०।३।८ | कार्यालय सामाग्री खरिद | जि पि विजनेश एण्ड ट्रेडिङ | ६१३१४७१२५ | ६०४,४४२ |

| | | | | |
|---|---|---|---|---|
| २२९८।२०८०।३।८ | छपाई तथा मसलन्द | विराट प्रिन्ट एण्ड सप्लायर्स | ६१३६८१११ | ९६४,५६८ |
| २५४१।२०८०।३।१९ | छपाई तथा मसलन्द | न्यू एभरेष्ट प्रिन्टर्स | ६००४६०३२३ | ४१०,५७३ |
| २४९७।२०८०।३।१९ | कार्यालय सामाग्री खरिद | जय भैरव व्याग हाउस | ३०५३५५१४८ | ४४७,०२८ |

सैद्धान्तिक बेरुजु

५६ **ठेक्का नं. NCB/TM/W/१४/२०७९/८०**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कैलाशपथ हुँदै तुल्सीपुरसम्म सिंचाई कुलो निर्माण (ठेक्का नं. NCB/TM/W/१४/२०७९/८०) निर्माणको लागि २०८०।२।३० भित्र सम्पन्न गर्ने गरी देउराली कन्स्ट्रक्सनसँग रु.३५,३०,११६।-मा २०७९/१०/१८ मा सम्झौता भएको पाइयो । लेखापरीक्षण अवधिसम्म पहिलो र दोश्रो रनिङ विल वापत रु.२३००७०९।- भुक्तानी भएको छ । सो योजना उच्च अदालत तुल्सीपुर, दाङ बुटवल इजलासमा मुद्दा दायर भएको र उक्त मुद्दा किनारा नलागी मुद्दा विचाराधिन रहेकोमा उक्त निर्माण कार्य अलपत्र परेको छ । पालिकाबाट निर्माण हुन बाँकी रहेको रु.१२२९४०७।-मूल्य बराबरको निर्माण कार्य पूरा हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. १९८९१६।- समेत रु.१८४१३०३।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।

| गो.भौ. नं/ मिति | योजना/ कार्यक्रम | फर्मको नाम | मु.क.द.नं | बिजक रकम | मू. अ. कर |
|---|---|---|---|---|---|
| २४२०।२०८०।३।१३ | प्रोफेशनल एकाउन्टीङ्ग तालिम | सिकिन्छएकेडेमी प्रा लि | ६१०२४१५१० | ४९८३३० | ५७३३० |
| २७७५।२०८०।३।२४ | भिडियो डकुमेन्ट्रि निर्माण | न्यू इरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ६०९४६९४३३ | ४७३,९७८ | ५७२६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८७७।२०७९।९।११ | औद्योगिक ग्राम स्थापनाको लागि वातावरणीय प्रभाव मूल्यांकन | युनिभर्सल इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड बिल्डर्स | ६०७००९१४१ | ३९२२००.०० | ४५९२५ |
| ६५।२०८०।३।२० | चाँदनी मार्ग सडक मर्मत- वडा नं. ४ | एन.एस.इन्जिनियरिङ्ग एण्ड सप्लायर्स | ६१०२९४१८३ | ४७६७९५.०० | ३८३९६ |
| **जम्मा** | | | | **१८४१३०३** | **१९८९१६** |

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९८,९१६ |

## ५८ कार्य सम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५९ कन्टिन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत कट्टी गरी रु.६७५९०२।-खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको नपाईएकोले कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६० ठेक्का व्यवस्थापन

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिनु पर्ने एवं कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्न नहुने व्यवस्था रहेको छ । बिभागबाट चालु आ.ब.मा ठेक्का बन्दोबस्त गरेको बिबरण देहाय बमोजिम रहेको छः

| **विवरण** | **ठेक्का संख्या** | | | | | **कुल सम्झौता संख्या** |
|---|---|---|---|---|---|---|
| | **प्रथमत्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथोत्रैमासिक** | **असार महिना** | |
| ठेक्का तर्फ | ३ | १३ | १९ | ३० | २ | ६७ |

उल्लेखित विवरणमा चौथो त्रैमासिकमा समेत सम्झौता भएको देखियो । अतः पालिकाले समयमै निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**६१ मंगलापुर कान्छिबजार सडक स्तरोन्नती कार्य निर्माण**

नगरपालिकाले मंगलापुर कान्छिबजार सडक स्तरोन्नती कार्य ( ठे.नं. DUDBC-२७३१४०-CW-RFB।०७८.७९- ५ KM )को लागि रु. ६५६१४८०६३।३९ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्धारा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी शर्मा सगुन जेभी बुटवलसँग मिति २०८१।३।१५ भित्र निर्माण कार्य सक्ने गरी २०७९।३।२४ मा रु.४६५९९८०७१।—को सम्झौता गरी यो आर्थिक बर्ष सम्ममा तेस्रो रनिङ विल सम्म मुल्य समायोजन समेत रु.८३१६९८१४।७१ भुक्तानी भएको छ ।यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन :

**कार्य तालिका**: उक्त निर्माण व्यावसायीसँग भएको सम्झौता अनुसार पहिलो कार्य तालिका अनुसार कार्य नसक्ने भएपछि पहिलो कार्य तालिकालाई संशोधन गरी दोस्रो कार्य तालिका पेश भएकोमा उक्त तालिका अनुसार Base course, prime coat, लगायतको काम २०७९ पौष माघ देखि शुरु गर्नु पर्ने र tack coat, dense bituminous macadam तथा Asphalt Concrete लगायतका काम २०७९ फागुन देखि शुरु गरी २०८० जेष्ठ सम्ममा सम्पन्न गरी सक्ने गरी कार्य तालिका भएता पनि सो बमोजिम कार्य प्रगति भएको छैन ।कार्य तालिका अनुसार निर्माण कार्य नहुँदा सम्झौता अनुसारको समयावधि भित्र निर्माण कार्य सम्पन्न हुन सक्ने अबस्था देखिएन । तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न गर्नको लागि नगरपालिकाले तदारुकता देखाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**६२ ठेक्का अभिलेख -**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प.फा.नं.५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

६३ **१५ शैया अस्पताल निर्माण विपि ग्राम**

नगरपालिकाले वडा नं. १७ विपि ग्राममा १५ शैयाको अस्पताल निर्माणको लागि लागत अनुमान रु. १४४७७३०६०।— तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी खड्का सगुन जेभि बुटवलसँग मिति २०८०।३।३० भित्र निर्माण कार्य सक्ने गरी २०७८।३।१७ मा रु.८२७१८३७१।३९ को सम्झौता गरेकोमा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न हुन नसकि कार्यपालिकाको निर्णयले मिति २०८१।३।२० सम्म म्याद थप गरेको छ । यो आर्थिक बर्षमा चौथो रनिङ विल सम्म रु.३५५१३०४४।— भुक्तानी भएको छ । जनस्वास्थयसँग प्रत्यक्ष सरोकार राख्ने यस अस्पतालको बाँकी निर्माण कार्यलाई तिव्रता दिई तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न नगरपालिकाले तदारुकता देखाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६४ **१५ शैया अस्पताल निर्माण आनन्दबन**

नगरपालिकाले वडा नं. ६ आनन्दवन तिलोत्तमामा १५ शैयाको अस्पताल निर्माणको लागि लागत अनुमान रु. १३८७०३१०५।— तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी खड्का सगुन जेभि बुटवल १३ सँग मिति २०८०।३।३० भित्र निर्माण कार्य सक्ने गरी २०७८।३।१७ मा रु.७८४३९६९७।९७ को सम्झौता गरेकोमा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न हुन नसकि कार्यपालिकाको निर्णयले प्रथम पटक मिति २०८१।३।२० सम्म म्याद थप गरेको छ । यो आर्थिक बर्षमा चौथो रनिङ विल सम्म मुल्य समायोजन समेत रु.३८६०६३२६।— भुक्तानी भएको छ । जनस्वास्थयसँग प्रत्यक्ष सरोकार राख्ने यस अस्पतालको बाँकी निर्माण कार्यलाई तिव्रता दिई तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न नगरपालिकाले तदारुकता देखाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **मेशिनरी सामान मर्मत**

लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले कार्यालयको नाममा रहेका सवारी साधन, मेशिनरी औजार, फर्निचर तथा अन्य निर्मित सम्पत्तिको मर्मत सम्बन्धी कार्य गर्दा PAMS मा स्वीकृत मर्मत आदेश अनुसार सम्बन्धित कर्मचारीले अनुमानित लागतमा आधारित मर्मत निवेदन तयार गर्ने र सवारी मर्मतको हकमा म.ले.प.फा.नं. अद्यावधिक गरेर मात्र पेश गर्ने र कार्यालय प्रमुखबाट मर्मत

आदेश स्वीकृत गराउनुपर्ने व्यवस्था छ। तर यस नगरपालिकाले सो प्रक्रिया बेगर सवारी साधन, मेशिनरी औजार र फर्निचर मर्मत गराई सोझै बिल भरपाईका आधारमा मर्मत वापत रु.३००००००। खर्च लेखेको पाइयो। मर्मत सम्भार गर्दा व्यवस्था भए बमोजिम PAMS मा मर्मत आदेश तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र मर्मत तथा भुक्तानी गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६६ सुरक्षित नागरिक आवास कार्यक्रम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित टिनको छाना छाउने कार्य गर्न निर्वाचन क्षेत्र नम्बर १ र २ का वडामा १६० छनौंट भएका मध्ये विभिन्न १५१ जना व्यक्तिहरुसँग सम्झौता गरी १५१ जनालाइ प्रथम किस्ता वापत आर्थिक बर्ष ०७७।७८ मा रु- २१०००००।— आर्थिक बर्ष ०७८।७९ मा रु- २१९००००।— र आर्थिक बर्ष ०७९।८० मा रु- ३६००००।— समेत रु.४६५००००।— भुक्तानी गरेकोमा आर्थिक बर्ष ०७९।८० मा १ जना लाभग्राहीले मात्र दोस्रो किस्ता वापत रु-३००००।— भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरेकोले १५० जना लाभग्राहीले दोस्रो किस्ता वापतको रकम लिन नआएकोले प्रथम किस्ता वापत रु.४६०५०००।— अनुदान उपलव्ध गराएकोमा प्रथम किस्ताको निर्माण कार्य नगरेको र दोस्रो किस्ता वापत भुक्तानी लिन नआएकोले बाँकी रहेको किस्ता भुक्तानी लगि प्राविधिकको कार्यमूल्याङ्कन सहितको कार्य सम्पन्न पेश हुनु पर्ने अन्यथा प्रथम किस्ता वापत भुक्तानी गरेको रकम अशुल हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,०५,००० |

## ६७ भ्यु टावर निर्माण

नगरपालिकाले वार्ड नं. १र२ मा करिब २ विघा जग्गामा ३९३०.१३ बर्गमीटर क्षेत्रफलमा ११ तले बहुउद्धेश्यीय भ्यु टावर निर्माणको लागि रु.१३५८११३०३।९८ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्धारा सबै भन्दा घटी कबोल गर्ने प्राकृतिक निर्माण प्रा.लि. सिद्धार्थनगरसँग मिति २०७८।११।२० भित्र निर्माण कार्य सक्ने गरी मिति २०७४।११।२० मा रु.११६२३४२५६।७४ को निर्माण सम्झौता गरेकोमा म्याद थप गरी मिति २०७९।८।२९ मा मुल्य समायोजन समेत रु.१२४३७८९४३।६५ मा निर्माण कार्य सम्पन्न गरेको छ । यस सम्बन्धि अन्य व्यहोरा निम्न छन्

६७.१ **सञ्चालन मोडालिटीः** उक्त भ्युटावर नगरपालिकाबाट भएको ठेक्का बमोजिम रू.१२४३७८९४३।६५ लागतमा निर्णाण सम्पन्न भएकोमा उक्त भ्युटावरको हाताभित्र डिर्पाटमेन्टल स्टोर, होटल लज. रेष्टरेन्ट, कार्यक्रम हल, स्वीमिङ पुल, वाटर फाउण्टेन, गार्डेन, पार्किङ लगायतको संरचना निर्माण भएको र उक्त भ्यु टावरको व्यवस्थापन संचालन सम्बन्धमा हालसम्म कुनै पनि कार्यविधि तयार गरिएको पाइएन । निर्माण भएको संरचना शंकर नगर वन विहार तथा अनुसन्धान केन्द्र तिलोत्तमा वार्ड नं २ को नाममा रहेको र उक्त भ्यु टावरको जग्गा पालिकाको स्वामित्वमा रहेको पाइएन । उक्त भ्यु टावरमा ठूलो लगानी समेत भई सकेको अवस्थामा अब उक्त भ्युटावर संचालन तथा व्यवस्थापनको लागि नगरपालिकाले आवश्यक कार्यविधि तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७.२ **भ्यु टावर सञ्चालन ठेक्काः** नगरपालिकाले उक्त भ्युटावर संचालन तथा व्यवस्थापनको लागि बार्षिक न्युनतम भाडा रकम रू.३९०००००/- राखी बोलपत्रको मिति २०७८।११।१६ मा सूचना प्रकाशित गरेकोमा एक मात्र बोलपत्रदाता अनुपम निर्माण सेवा रैनादेबी- ४, छहरा पाल्पाको कबोल अंक रू.३९५००००/- (बार्षिक) रहेको र उक्त फर्मसँग आर्थिक बर्ष २०७९।८० देखि आ.ब ०८८।८९ सम्म १० बर्षे लिज अवधि रहने गरी सम्झौता गर्नको लागि मिति २०७८।१२।२८ मा पत्राचार गरेकोमा उक्त भ्युटावरको स्तरोन्नती लगायतको थप संरचना निर्माणकार्य सम्पन्न हुन बाँकी नै रहेको कारणले उक्त व्यवसायीले पहिलो बर्षको राजश्व रकम रू.३९५००००/- २०७९।०१।१९ मा दाखिला गरी सकेको भएतापनि हाल सम्म उक्त ब्याबसायीसँग ठेक्का सम्झौता गरेको पाईएन ।उक्त भ्युटावरको स्तरोन्नती लगायतको निर्माणकार्य सम्पन्न हुन बाँकी नै रहेको कारणले उक्त व्यवसायीले उक्त भ्युटावर हालसम्म उपभोग गर्न पाएको देखिएन । अतः नियमानुसार सम्झौता गरी उक्त भ्युटावर संचालन गरी कार्यान्वयनमा ल्याइनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६७.३ **जग्गाको स्वामित्वः** तिलोत्तमा नगरपालिका वार्ड नं २ स्थित शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रको नाममा भोगाधिकार रहेको उक्त २ विघा जग्गामा नगरपालिकाको भ्यु टावर निर्माण वापत रू.१२४३७८९४३।६५ लागतमा ११ तले भ्युटावर निर्माण सम्पन्न भएको र हाल पनि उक्त भ्यु टावरको स्तरोन्नती प्रदेश सरकारको लगानीमा भईरहेकोमा उक्त सार्वजनिक जग्गा नगरपालिकाको नाममा स्वामित्व नरेहेकोले उक्त भ्युटावरको जग्गाको स्वामित्व नगरपालिकाको नाममा ल्याउनको लागि सम्बन्धित निकायले पहल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७.४ **थप संरचना निर्माण-** उक्त भ्यू टावरमा थप पूर्वाधार निर्माणको लागि संघीय सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट लागत व्यहोर्ने गरी आर्थिक बर्ष २०७७।७८ मा थप पूर्वाधार निर्माणको लागि रु.६९९६४९९८।को लागत अनुमान तयार गरी बो लपत्रको माध्यमद्धारा के.एस.प्रशंशा जेभी धनगढीसँग मिति २०७९।१०।२८ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८।४।२६ मा रु.४९३६७७९७। को निर्माण सम्झौता गरेकोमा यस आर्थिक बर्ष सम्ममा दोस्रो रनिङ विल सम्म रु.९९६९२७१।४० भुक्तानी खर्च लेखेको छ ।तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न नभएको साथै म्याद थप समेत नभएकोले बाँकी निर्माण कार्य सम्पन्न गर्नको लागि सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीले सम्झौतामा उल्लेखित समयावधि भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेमा सम्झौता रकमको दैनिक ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति खर्च तिर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले वडा कार्यालयमा भवन निर्माणको लागि २०८०।२।३० भित्र निर्माण कार्य सक्ने

गरी मिति २०८०।१।२ मा पैंयु कन्स्ट्रक्सन एण्ड सप्लायर्स नवलपरासीसँग रू.५५९७७६/- को सम्झौता गरेकोमा उक्त निर्माण व्यवसायीले २०८०।०३।१५ मा मात्र निर्माण कार्य सम्पन्न गरेको कागजात पेश हुन आएकोले १५ दिन ढिला गरी सम्पन्न भएकोले जरिवाना रु. ३७९०। र उमा आधारभुत विद्यालय भवन निर्माणको लागि धुलीखेल सगुन जेभीसंग २०७९।८।३० भित्र निर्माण कार्य सक्ने गरी मिति २०७७।१२।२ मा रू.१६५९९६९९/- को सम्झौता गरेकोमा उक्त निर्माण व्यवसायीले २०७९।९।३० मा मात्र निर्माण कार्य सम्पन्न गरेको कागजात पेश हुन आएकोले ३० दिन ढिला गरी सम्पन्न भएकोले जरिवाना रु.२४८९९५। कट्टा गर्नु पर्नेमा रु.२१८०८७। मात्र कट्टा गरेकोले बाँकी जरिवाना रु.३०९०८। समेत रु.३४६९८।पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी दाखिला हुनुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,६९८ |

६९ **औद्योगिक ग्राम निर्माण**

तिलोत्तमा नगरपालिका वार्ड नं १० मा करिब ९.५६ विघा (६.४६ हेक्टर) क्षेत्रफल जग्गामा औद्योगिक ग्राम निर्माण गर्नको लागि रू.४०२७२०५८७।०८ को डिपिआर तयार गरी यस आ.ब मा उक्त जग्गामा कम्पाउण्ड वाल निर्माणको लागि रू.४८९२३१३/- को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्धारा सबैभन्दा घटी कबोल कुल कन्स्ट्रक्सन प्रा.लि देवदह, रुपन्देहीसँग २०७९।०८।३० भित्र निर्माण कार्य सक्ने गरी मिति २०७९।०२।१० मा रू.४०६६१३९।७१ को ठेक्का सम्झौता गरी २०७९।०९।१० मा उक्त निर्माण कार्य रू.३७७६१९३।६४ मा सम्पन्न गरी भुक्तानी खर्च लेखेको छ । यस सम्बन्धी अन्य व्यहोरा निम्न छन् ।

६९.१ **बजेट सुनिश्चितताः** सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माणस्थलको टुङ्गो लागेपश्चात ठूलो लागतमा संरचना निर्माणको लागि उक्त भौतिक संरचना निर्माण गर्नुपूर्व आवश्यक पर्ने लागत रकम (बजेट) सुनिश्चितता हुनु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले औद्योगिक ग्राम निर्माणको लागि रू.४० करोड, २७ लाख, २० हजार लागत आवश्यक पर्ने गरि डिपिआर तयार गरेको भएतापनि उक्त औद्योगिक ग्राम निर्माणको लागि बजेटको सुनिश्चितता भएको पाइएन। बजेटको सुनिश्चितता बेगर निर्माण कार्यको पूर्व तयारीको लागि खर्च भएको रकम अनुत्पादक हुन जाने भएकोले ठूलो लागत आवश्यक पर्ने उक्त औद्योगिक ग्राम निर्माणको लागि नगरपालिकाले बजेटको सुनिश्चितता गरेर मात्र निर्माण कार्य अगाडि बढाउनु पर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६९.२ **वातावरणीय प्रभाव मूल्याङ्कन (EIA):** सार्वजनिक खरिद नियमावली, २०६४ मा ठूला संरचना निर्माण गर्दा उक्त संरचना निर्माण गर्नु एवं वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले उक्त औद्योगिक ग्राम निर्माण गर्नको लागि प्रदेश वन तथा वातावरण मन्त्रालयको २०७९।०८।०८ सचिव स्तरीय निर्णयले EIA गर्न स्वीकृत प्रदान गरेको र वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपूर्व प्रचलित कानून बमोजिम नेपाल सरकारबाट राष्ट्रिय वनको भोगाधिकार प्राप्त गरेर मात्र प्रस्ताव कार्यान्वयनको लागि अघि बढाउने निर्णय बमोजिम EIA पूर्व तयारीको लागि परामर्शदाता युनिभर्सल ईन्जिनियरिङ कन्सल्टेण्ट एण्ड विल्डर्स तिलोत्तमा ——५लाई रू.९९८०००/- भुक्तानी खर्च लेखेको पाइयो । यस सम्बन्धमा नगरपालिकासँग छलफल हुँदा बाताबरणिय प्रभाव मुल्यांकन प्रतिवेदन स्विकृतीको चरणमा रहेको भनाई रहेको पाईयो ।वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र औद्योगिक ग्राम निर्माण कार्य गर्नु उपयुक्त देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७० **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट निम्न निर्माण व्याबसायी तथा सप्लायर्सलाई भवन निर्माण वापत बिजक रकम रु. २९१५५१०। मुल्य अभिवृद्दि कर समेत भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्मले कर विवरण नबुझाई तथा कर चुक्ता नगरी नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले मुल्य अभिवृद्दि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा अशुल हुनु पर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | विल रकम | मू.अ.कर रकम | ७०- प्रतिशत मू.अ.कर |
|---|---|---|---|---|
| १८।०८०।१।२६ | धुलीखेल सगुन अभियन्ता जेभी बुटवल ठे.नं.२।०७७।७८ | १४७००६७।१५ | १९११०८.७३ | १३३७७६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३३,७७६ |

७१ **वीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको, कम अवधिको विमा गराएको, विमांक रकम कम गराएको तथा तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण म्याद थप गरी निर्माण कार्य भइरहेको एवं कतिपय ठेक्काको निर्माण कार्य सम्पन्न भइ त्रुटी सच्याउने अवधि रहेकोले उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ एवं कम अविधको विमा गराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ त्रुटी सच्याउने अवधि सम्मको वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विमांक रकम** | **कैफियत** |
|---|---|---|---|---|
| उमा आ.वि. भवन निर्माण (ठेक्का नं.०२।७७।७८) | धुलीखेल सगुन अभियन्ता जेभी बुटवल | १६५९९६९९ | नगरेको | विमा नगराई निर्माण सम्पन्न गरेको |

| | | | | |
|---|---|---|---|---|
| उमा आ.वि. भवन निर्माण (ठेक्का नं.०२।७७।७८) | धुलीखेल सगुन अभियन्ता जेभी बुटवल | ७९३०१६४ | नगरेको | विमा नगराई निर्माण कार्य गरेको |
| | | | | |

सैद्धान्तिक बेरुजु

७२ **मंगलापुर कान्छिबजार सडक स्तरोन्नती कार्यको परामर्श खरिद**

नगरपालिकाले मंगलापुर कान्छिबजार सडक स्तरोन्नती कार्य सुपरभिजन (ठे.नं. NP-DUDBC-२१६००१-CS-QCBS) को लागि रु. ३४०५१६२४।— को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्धारा सबै भन्दा बढी अंक प्राप्त गर्ने परामर्शदाता बि.एन. कन्सल्टेन्सी प्रा.लि. सानेपासँग ३० महिना सम्मको लागि सुपरभिजन कार्य गर्ने गरी २०७९।५।९ मा रु.३३६३५५८०।—को सम्झौता गरी यो आर्थिक बर्ष सम्ममा तेस्रो रनिङ विल सम्म रु.७८६९१८४।२० भुक्तानी खर्च लेखेको छ ।यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन :

७२.१ **ठेक्का स्विकृत-** उक्त परामर्श सेवाको लागि ४ वटा परामर्शदाताले भाग लिएकोमा प्राविधिक र आर्थिक मुल्यांकनबाट सबै भन्दा बढी अंक प्राप्त गर्ने वि.एन.कन्सल्टेन्सी प्रा.लि. जेभी सानेपा ,ललितपुरले शुरु कबोल गरेको अंक रु ३६७९८४५०।लागत अनुमान भन्दा रु२७४६८२६।बढी भएकोमा पालिकाबाट उक्त ठेक्का मिति २०७९।३।८ मा स्विकृत गरेकोमा पुन उक्त परामर्शदातासँग मिति २०७९।५।९ मा बार्ता गरि शुरु कबोल गरेको मुल्यमा रु= ३१६२८७०।घटेर रु=३३६३५५८०।कायम गरी सम्झौता गरेको पाईयो ।

सैद्धान्तिक बेरुजु

७२.२ **बिल भरपाई नभएको:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा सो रकम पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । साथै नगरपालिका र परामर्शदाताबीच भएको सम्झौता बमोजिम प्रोभिजनल सम आइटमकोव भुक्तानी गर्दा छुट्टै बिल भरपाई पेश गर्नुपर्ने उल्लेख भएकोमा वि.एन कन्सल्टेन्सी प्रा.लि ले संचार खर्च, कार्यालय स्टेशनरी सामान खरिद, फर्निचर खरिद, प्रतिबेदन तयारी लगायतका आइटमहरु प्रोभिजनल सममा राखी रू.१४७९६३१/- भुक्तानी खर्च लेखेकोमा सो को छुट्टै बिल भरपाई संलग्न हुनुपर्नेमा सो नभएको र परामर्शदाताको बिजकको आधारमा भुक्तानी गरेको नियम संगत नदेखिएको रकम रू.

| गो.भौ.नं/मिति | IPC नं | कुल भुक्तानी | प्रोभिजनल सम रकम |
|---|---|---|---|
| ३६।२०७९।११।२५ | प्रथम | ३८३९२८० | ६७९६३१ |
| ४३।२०७९।१२।२४ | दोस्रो | १९२२६८० | ३२०००० |
| १२७।२०८०।०३।२१ | तेस्रो | २१०७२२४ | ४८०००० |

| | |
|---|---|
| जम्मा | १४७९६३१ |

| | |
|---|---|
| अनियमित भएको | १४,७९,६३१ |

७३ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| **क्र.सं.** | **निर्माण कार्य** | **निर्माण व्यवसायी** | **संझौता मिति** | **सम्पन्न गर्नुपर्ने मिति** | **यो बर्ष सम्मको खर्च** | **भौतिक प्रगति** |
|---|---|---|---|---|---|---|
| १ | १५ बेड अस्पताल निर्माण आनन्दवन | खडका सगुन जेभी | २०७८।०३।१७ | २०८०।०३।२० | ३८६०६२९० | ५० प्रतिसत |
| २ | १५ बेड अस्पताल निर्माण बि.पि.ग्राम | खडका सगुन जेभी | २०७८।०३।१७ | २०८०।०३।२० | ३५५१३०४४ | ५० प्रतिसत |
| ३ | शंकरनगर बन बिहार अनुसन्धान केन्द्र | के एस प्रशना जे.भी. | २०७८।०४।२६ | २०८०।०७/२८ | १५१५३२७१ | ४९ प्रतिसत |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७४ **आयोजनाको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकामा उप-मेयरको अध्यक्षतामा योजनाको अनुगमन समिति रहेकोमा सो अनुगमन समितिले कुन दिनमा कुन योजनाको अनुगमन गरेको हो र सो योजनाको अवस्था कस्तो छ सो सम्वन्धि उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा एकै पटकमा २०।२५ वटा योजनाको अनुगमन प्रतिवेदन दिने गरेको र योजना राम्रो रहेको भन्ने मात्रै निर्णयको प्रतिलिपि पेश गर्ने गरेको छ । जसले गर्दा योजनाको सहि र समयमा नै अनुगमन भएको छ भन्ने अवस्था देखिएन । यसरी अनुगमन समितिको प्राप्त प्रतिवेदनको आधारमा मात्रै योजनाको फरफारक गर्नुपर्नेमा अनुगमन नाम मात्रैको देखिएको साथै मुख्यमन्त्री शैक्षिक सुधार लगायतको कतिपय योजनाहरुको अनुगमन समितिको प्रतिवेदन वेगर नै उपभोक्ता समितिहरुलाई भुक्तानी दिने गरेको देखियो । जसले गर्दा पालिकाबाट सम्पादित कार्यहरु यथार्थपरक छन् भन्ने अवस्था देखिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

| सि.नं | गो.भौ।मिति | योजना | सम्झौता मिति | सम्पन्न मिति | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | ६।०७९।११।१८ | वरवलीमा मा.वि.विज्ञानप्रयोगशाला निर्माण | ०७९।९।१८ | २०८०।१।३० | ४०००००।- |
| २ | १७।०८०।१।१३ | शान्ति नमूना मा.वि. फर्निचर खरीद | ०७९।१२।२ | २०८०।१।३० | ४०००००।- |
| ३ | २०।०८०।१।२० | सेमरा बजार मा.वि. फर्निचर खरीद | ०७९।११।२९ | ०७९।१२।२८ | ४०००००।- |
| ४ | ३८।०८०।२।२३ | मिलनपथ नाली सहित ग्राभल वडा-२ | ०७९।११।२६ | ०८०।२।७ | ९७५०००।- |
| ५ | ५३।०८०।३।८ | सुनौलोनगर-त्रिवेणी चोकसम्म कालोपत्र | ०७९।१२।२७ | ०८०।३।५ | ९७५०००।- |
| ६ | ५४।०८०।३।८ | प्रगतिपथ मर्मत तथा स्तरउन्नती | ०८०।२।१६ | ०८०।२।३० | ९५२०६७।- |

सैद्धान्तिक बेरुजु

**७५ बढि भुक्तानी**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको कार्यसम्पादन पश्चातको भुक्तानी गर्दा उपभोक्ता समितिहरूले खरीद गरेको सामाग्रीहरुको परीमाण वरावरको खपत भएको छ कि छैन सोको समेत मूल्याङ्कन गर्नुपर्नेमा प्राविधिक विलको आधारमा मात्रै भुक्तानी दिइको पाईयो । जसले गर्दा खरीद गरेको सामानको कम खपत हुने तथा खरीद नै नभएको सामानको कार्यसम्पन्न समेत बन्ने गरेको देखिन्छ । नमूना लेखापरीक्षण गर्दा देहायका योजनाहरूको निम्नानुसारको खरीद सामाग्रीको परीमाण भन्दा कार्यसम्पन्नमा घटी।बढी परीमाणको खपत देखाएको छ । यसरी खपत परीमाणमा फरक देखाई उपभोक्तालाई बढी भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको, रु.

| सि.नं | गो.भौ | योजनाको नाम | नर्मस अनुसार विटुमिन | खरीद | मौज्दात परीमाण | रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | ५३ | सुनौलोनगर-त्रिवेणीचोक कालोपत्र | ४१२७ ली. | ५००० ली. | ८७३ ली. | ८२८६५ |
| २ | ६१ | दुर्गा भवानिपथ नालि सहित कालोपत्र | ३४१३ ली. | ३७१८ ली. | ३०५ ली. | ३३७७६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ११३९ | प्लटलाईन टोलको बलरामपथ कालोपत्र | ४३२७ ली. | २६३७ ली. | १६९० ली. | १६३९३० |
| **जम्मा** | | | | | | **२८०५७१।-** |

| | |
|---|---|
| अनियमित भएको | २,८०,५७१ |

७६ **योजना संचालन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिएको समयमा कार्यक्रम गरी प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष नगर विपद व्यवस्थापन समितिको २०८०।२।१९ को निर्णयानुसार जनाई विभिन्न योजनाहरु संचालन गरेकोमा देहाय अनुसारको योजनाहरु छोटो समयको लागि आर्थिक बर्षको अन्त्यमा आएर सम्झौता गरी सम्पन्न गरेको आधारमा विल भरपाई पेश गरेको छ । पालिकाले वडाको कुन कुन स्थानमा सो कार्य गरेको हो सो नखुलाई विभिन्न स्थानको कार्य जनाई देहायअनुसारको वडाको भुक्तानी दिएको छ । यसरी स्थान नतोकि कार्य गर्दा विभिन्न शिर्षक तथा वडा वजेटबाट समेत पुनःसोहि कार्यको लागि पुनःखर्च भई कार्यमा दोहोरोपन हुनसक्ने देखिन्छ । पालिकाले यसरी गरेको कार्य कार्य सम्वन्धमा यकिन हुन नसकिएको, रु.

| सि.नं | गो.भौ | योजनाको नाम | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|---|
| १. | ७८।०८०।३।१९ | वडा नं १२ को वीभिन्न कूलो मर्मत | १०००००।- | ९८८४३।- |
| २. | ७९।०८०।३।१९ | वडा नं ११ को वीभिन्न कूलो मर्मत | १०००००।- | ९९३४६।- |
| ३. | ८१।०८०।३।१९ | वडा नं १४ को वीभिन्न कूलो मर्मत | १०००००।- | ७२३४६।- |
| ४. | ८७।०८०।३।१९ | वडा नं ३ को वीभिन्न कूलो मर्मत | १०००००।- | ६९१५०।- |
| ५. | ८८।०८०।३।२१ | वडा नं ८ को वीभिन्न कूलो मर्मत | १०००००।- | ८१३०६।- |
| ६. | ८९।०८०।३।२२ | वडा नं ६ को वीभिन्न कूलो मर्मत | ९८६०१।- | ८३०६८।- |
| ७. | ९०।०८०।३।२२ | वडा नं ३ को वीभिन्न कूलो मर्मत | ९९९६२।- | ५०७८८।- |
| ८. | ९२।०८०।३।२२ | वडा नं १७ को वीभिन्न कूलो मर्मत | ९९९८२।- | ९८५३२।- |
| ९. | ९४।०८०।३।२४ | वडा नं ४ को वीभिन्न कूलो मर्मत | ९९९९८।- | ८८२१६।- |
| **जम्मा** | | | | **७४१५९५।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४१,५९५ |

७७ **प्रदेश समपुरक**

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष प्रदेश समपुरक वजेट अन्तर्गत विभिन्न योजनाहरुमा रकम विनियोजन र खर्च भएकोमा देहायका योजनाहरूमा आनुपतिक खर्च बढी गरेको पाईयो । यसरी बढी खर्च गरेको रकम प्रदेश संचितकोष फिर्ता पठाउनुपर्ने देखिन्छ, रु.

| सि.नं | योजना | मूल्याङ्कन | प्रदेशबाट हुने खर्च | प्रदेशबाट खर्च | बढी खर्च |
|---|---|---|---|---|---|
| १ | नयाँमिल पूर्व दुर्गा मन्दिर सडक योजना | ४१२४८४४।- | २०६२४२२।- | २१०३१६८।- | ४०७४६।- |
| २ | सिटि कलेज पश्चिम जाने सडक मर्मत | ३९१९१४६।- | १६५९५७३।- | १६९९७४१।- | ४०१६८।- |
| **जम्मा** | | | | | **८०९१४।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८०,९१४ |

७८ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| सि.न. | योजनाको नाम | ल.ई रकम रु. | भुक्तानी रु. |
|---|---|---|---|
| १ | दान बहादुर श्रेष्ठको लाइन कालोपत्रे | ३३८९२१ | १९९४५७ |
| २ | सडक बत्ती जडान व्यबस्थापन | ४७५३५० | ३८२२२८ |
| ३ | आनन्दपथ कल्भर्ट निर्माण | २००६७८ | १७०००० |
| ४ | सनातन मार्ग कालोपत्रे | ७९९४२९ | ४००००० |
| ५ | बैष्णदेवी पथमा कल्भर्ट निर्माण | २३५७८९ | २००००० |
| ६ | भुल्का सामुदायिक भवन निर्माण | ७२९९७ | ६२००० |
| ७ | लीटिल पुर्व दल्का जाने बाटो कल्भर्ट निर्माण | २३८००८ | १९७९९८ |
| ८ | दिनेश फुल्लेलको घर अगाडी बाटोमा कल्भर्ट निर्माण | ८३२३७ | ६२५१३ |
| ९ | कुमारी गुरुङ्गको घरदेखि कोटिहवा थारु गाउँ जाने बाटो नाली तथा सडक कालोपत्रे | १४२८८२८ | ९७५००० |

| | | | |
|---|---|---|---|
| १० | शिवमन्दिर दक्षिण भुई ढलान | ४२८६७४ | ३००००० |
| ११ | मणीपथ कालोपत्रे | १००३९६८ | ५८५००० |
| १२ | सगरमाथा पथ उत्तर स्लेप ढलान | ९५१६१ | ८०००० |
| १३ | सिचाइ कुलोमा कल्भर्ट निर्माण ( १० नं. जोडनी ) | ५८९६३७ | ४८७५०० |
| १४ | झिगु नेवा पुच पथ कालोपत्रे | ५०१३२५ | ३००००० |
| १५ | शिवपुर मा बि प्राङ्गण कुवरवर्ती मन्दिर पुन निर्माण | २३७९०८ | १९८९८६ |
| १६ | तेजज्ञानपथ सडक कालोपत्रे | ५०४३५९ | २७२३५४ |
| १७ | सुनौलोनगर ११ ख मा कल्भर्ट निर्माण | ११९१६९ | १००००० |
| १८ | मधवलीया थारु गाउँभित्र शाखा सडक आर सि सि निर्माण | ५७२०७४ | ३९६५२७ |
| १९ | निमचोकदेखि शिवपथ ढलान निर्माण | ५०५४७३ | ३००००० |
| २० | अण प्रसाद पाठकको घर निर कल्भट निर्माण | १७७२७६ | १५०००० |
| २१ | भक्तिमार्ग कालोपत्रे | ६८८८३८ | ४००००० |
| २२ | गणेशपुर डाडा चोकमा कल्भर्ट निर्माण | २३६०२४ | २००००० |
| २३ | शिवपथ नाली निर्माण | २३७७५० | १९७९९५ |
| २४ | श्री नगर पथ कालोपत्रे | ८४३२६१ | ४८७५०० |
| २५ | रुद्रावती पथ कल्भर्ट निर्माण | ६०१३५ | ५०००० |
| २६ | झुलेनीमार्ग कालोपत्रे | ४२२०९२ | २४७५०५ |
| २७ | पारसपथ कल्भर्ट निर्माण | ७०८१३ | ६०००० |
| २८ | न्यू नमुना पथ सडक | ५९१५२८ | ४८७५०० |
| २९ | भैरव पथ कल्भर्ट निर्माण | २३६७३६ | १९४२६३ |
| ३० | नारायण पथ कल्भर्ट निर्माण | २०६३२६ | १७५००० |
| ३१ | श्री इन्द्र भुसाल पथ कल्भर्ट निर्माण | ४७२४५ | ४०००० |
| ३२ | लाफा पथ कालोपत्रे | ६६६६३९ | ३९०००० |
| ३३ | सिर्जनापथ कालोपत्रे | ५०१९१५ | ३००००० |

| | | | |
|---|---|---|---|
| ३४ | जीवनको घर निर कल्भर्ट निर्माण | २३५४६३ | २००००० |
| ३५ | सुनौलोनगर ४ख कालोपत्रे | ८२८७७१ | ४८७५०० |
| ३६ | सोमई मार्गमा कल्भर्ट निर्माण | २३७३९५ | १५८००४ |
| ३७ | सुमेरुपथ बेबरीमा बाटो ढलान | ७१४३८७ | ४८७५०० |
| ३८ | दुर्गा आमा समुह भवन निर्माण | ३५३०४७ | २९८९४९ |
| ३९ | पश्चिम दरखसवा पिपलबोट तर्फ ढलान | २८६०२६ | १९१५२८ |
| ४० | ओम प्रकाश पथ कालोपत्रे | ३३४०६३ | २००००० |
| ४१ | अरनिको पथमा कल्भर्ट निर्माण | १७७३०८ | १५०००० |
| ४२ | सुर्य पथ कालोपत्रे | ५८६७७३ | ३४१२५० |
| ४३ | संगम पथ कालोपत्रे | ६६९२८५ | ३६५०६८ |
| ४४ | निर्मल पथ कल्भर्ट निर्माण | १४७२९६ | १२४२२० |
| ४५ | प्लटलाइन टोलको बलराम पथ कालोपत्रे ३५० मिटर | १५०३२९२ | ८७७५०० |
| ४६ | अधुरो मगर सामुदायिक भवन निर्माण | ५७५८४० | ५००००० |
| ४७ | रामजानकी पथ कालोपत्रे | ५९२८१५ | ३४६४९९ |
| ४८ | क्रियापुत्रीको अपुरो भवन निर्माण | २३६९१५ | १९९३६३ |
| ४९ | पत्थरडाँडा तिनाउ सडक | ९१४६७५ | ७१२२३७ |
| ५० | मधुवन पथ सडक ढलान निर्माण | १७९५३६ | १४९३०२ |
| ५१ | सोमइ माइ टोल विकास कृष्ण पथ सडक ढलान | १८४९४७ | १५०००० |
| ५२ | मोहनपुर खगेश्वरको घरदेखि पशुपती कलेज जाने बाटो दोहोरो नाली र कालोपत्रे | १४२९४६२ | ९७५००० |
| ५३ | एभरेष्ट पथ कालोपत्रे | ६६९६३१ | ४००००० |
| ५४ | क्याम्पस पथ कालोपत्रे मर्मत | ५२९७३६ | ४५०००० |
| ५५ | पाल्पाली पथ कालोपत्रे (वि.पि. मार्ग) | ११६९१९४ | ६८२५०० |
| ५६ | धौलागिरी पथ कालोपत्रे निर्माण | १००९६४५ | ६००००० |
| ५७ | कोटिहवा मण्डली पथ जाने सडक आर सि सि गर्ने | ५०००३८ | ३५०००० |

| | | | |
|---|---|---|---|
| ५८ | शान्तीवन कृषि सडक कालोपत्रे | ५०६४०२ | २९३३१२ |
| ५९ | टुबेल पथ ढलान | १७८७२५ | १३५००३ |
| ६० | मडाहा गाउँको अजयको घर अगाडिको बाटो नाली सहित कालोपत्रे | ८४४०५२ | ५६७४६२ |
| ६१ | मोक्षधाम मार्ग सेमरी पक्की कुलो | ५७३६७३ | ४८७४५८ |
| ६२ | मौले मार्ग कालोपत्रे | ८४३३४१ | ४८१०३० |
| ६३ | बुद्धपथमा भुई ढलान | ६४३१७८ | ४५०००० |
| ६४ | नन्देश्वर पथ ढलान | २५०१६९ | १५०००० |
| ६५ | मन्दिर पथ कालोपत्रे निर्माण | ४१७५०८ | २५०००० |
| ६६ | सखुवानी थारु गाउँभित्र रहेको शाखा बाटोहरु आर सि सि ढलान | ४२८५४८ | ३००००० |
| ६७ | आदर्श मार्ग भुइ ढलान | ४२९१०४ | ३००००० |
| ६८ | जनस्वास्थ्य पथ कालोपत्रे | ९९४७७८ | ५८५००० |
| ६९ | गुँरास पथ कालोपत्रे | ३३५६९० | २००००० |
| ७० | उज्यालो मार्ग कालोपत्रे | ४२२७३० | २५०००० |
| ७१ | बिहुली टोलमा भुई ढलान | ७१४९४१ | ४८७५०० |
| ७२ | शान्ति पथमा भुई ढलान अधुरो | ५००१५२ | ३५०००० |
| ७३ | पकडीहवा गाउ भित्र भुई ढलान | ७१४७९० | ४९२४२८ |
| ७४ | भरवलिया बरवलिया सडक पिच | ८५८१५१ | ५३१८३४ |
| ७५ | गौतम टोलमा पिच निर्माण | ११३५४५० | ७८०००० |
| ७६ | कर्नास पथ कालोपत्रे | ३४०४८० | २००००० |
| ७७ | महालक्ष्मी पथ कालोपत्रे | ३५३४४१ | ३००००० |
| ७८ | धौलागिरी पथ सडक कालोपत्रे थप | ५०१५३१ | ३००००० |
| ७९ | कालीगण्डकी पथ सडक कालोपत्रे | ५८६७०८ | ३५०००० |
| ८० | मैनाबगर डिल बहादुर गुरुङ्गको घरपुर्व जाने सडक कालोपत्रे | ४३०४२५ | ३००००० |

| | | | |
|---|---|---|---|
| ८१ | सुनौलोनगर ८ ख कालोपत्रे मर्मत | ३५९१९५ | ३००००० |
| ८२ | गौतम बुद्ध ए ब्लक कालोपत्रे | ८५२६९५ | २९६५५४ |
| ८३ | राम लक्ष्मण मार्ग अधुरो कालोपत्रे | ३१२०७९ | ३००००० |
| ८४ | तिलोत्तमा सहकारी दक्षीणतर्फ मिलन पथ कालोपत्रे | १८१७१२७ | १०२९८७१ |
| ८५ | कुमारी नयाँ बस्तीदेखि संगम पथ जोड्ने सडक कालोपत्रे | ६६०४४६ | ४५०००० |
| ८६ | उजालो मार्ग कालोपत्रे थप | २०८९१७ | १२५००० |
| ८७ | फुलवारी मार्ग वडा कार्यालय जाने बाटो कालोपत्रे | १०५५०४३ | ८७७५०० |
| ८८ | समाबेशी पथमा आर सि सि ढलान | २००६३३ | ११९३६४ |
| ८९ | नमुनापथ सडक कालोपत्रे | ११३८७५६ | ६८२५०० |
| ९० | दुर्गा भवानी मन्दिर निर्माण | ११७६६१० | ९७५००० |
| ९१ | गंगोलिया गाउँभित्र नालि निर्माण | २३५४८९ | २००००० |
| ९२ | यम आचार्यको घर अगाडि बाटो कालोपत्रे | ४५७०१५ | २६७३०८ |
| ९३ | मिलनशिल आमा समुहको भवन निर्माण | २३७१०५ | १९७९९८ |
| ९४ | सुनौलोनगर देखी त्रिवेणी चोक सम्म सडक कालोपत्रे | १६५७९२० | ९७५००० |
| ९५ | सुन्दरबस्ती दुर्गामन्दिर अगाडि भुई ढलान | १४७१७२ | १२५००० |
| ९६ | कानपारा लोध टोल कालोपत्रे/ढलान | ८५७७५५ | ५१६६७९ |
| ९७ | रुद्रवती पथ अधुरो सडक कालोपत्रे | ४२३६३७ | २५०००० |
| ९८ | मुडियारी टोल भित्र ढलान | ८५७१६६ | ४३४७४१ |
| ९९ | रुरुपथ कालोपत्रे | ५०१११८ | ३००००० |
| १०० | आश्रित पथ कल्भर्ट स्ल्याब ढलान थप | ४७१४०८ | ३८०१८१ |
| १०१ | वडा नं. १० कार्यालय जाने सडक कालोपत्रे तथा स्तरउन्नती | ११७२१८४ | ९६४६८० |
| १०२ | दुर्गा भवानी पथ नाली सहित कालोपत्रे | २४६६७८० | १४३८६७५ |
| १०३ | रुरु पथमा भुइ ढलान | ११४३१०४ | ७८०००० |
| | | **५८८९६४२४** | **३८९७२८२४** |

| सैद्धान्तिक बेरुजु |
|---|

७९ **अनुपातिक कट्टा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताद्धारा गरिने सार्वजनिक निर्माणको भुक्तानी गर्दा सम्झौता बमोजिमको उपभोक्ताको लागत सहभागिता कट्टा गरेर मात्र सार्वजनिक निकायले भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले देहायको निर्माण कार्यमा उपभोक्ता समितिले व्यहोर्नुपर्ने जनश्रमदान वापतको रकम रू.४४३१८/- कट्टा नगरी बढी भुक्तानी गरेकोले सम्बन्धितबाट असुल हुनुपर्ने रकम रू.

| गो.भौ.नं | उ.स को नाम र विवरण | कार्य सम्पन्न | भुक्तानी हुनुपर्ने | भएको | बढी |
|---|---|---|---|---|---|
| ४१।२०७९।१२।२१ | विष्णुपुर मन्दिर तिलोत्तमा उ.स | ५६१८०२।३६ | ४६५३९६ | ४७७५३० | १२१३४ |
| ८९४।२०८०।०१।२० | मिलनाथ कालोपत्रे सडक उ.स | १६९०९०४।०७ | १०१४५४२ | १०२९८७१ | १५३२९ |
| १४०७।२०८०।०३।०७ | वडा कार्यालय देखि उत्तर लेफटेन टोल जाने बाटो उ.स | १४७५९१७।९७ | १२५४५३० | १२७१३८५ | १६८५५ |
| **जम्मा** | | | | | **४४३१८** |

| असुल गर्नुपर्ने | ४४,३१८ |
|---|---|

८० **अनुगमन मुल्यांकन**

स्थानिय तह कार्य सञ्चालन निर्देशिकामा गाँउपालिका भित्र सञ्चालन भएका रु.५०००००।— भन्दा माथीका आयोजना तथा कार्यक्रमहरु उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारीस गर्नु पर्ने व्यबस्था रहेको छ । गाँउपालिकाबाट भुक्तानी भएका विद्यालय भौतिक निर्माण,मोटरबाटो निर्माण, नमुना विद्यालय निर्माण,कृषि ,पशु अनुदान लगायत उपभोक्ता समुहबाट भए गरेका कामहरु के कस्तो अबस्थामा निर्माण सम्पन्न भएका छन सो को गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारिस गर्नु पर्नेमा अधिकांश अनुगमन संयोजकको उपस्थितमा गरीएको र अनुगमन प्रतिवेदनमा कुनै पनि व्यहोरा उल्लेख नगरेको तथा कतिपय निर्माण कार्य सम्पन्न भएको भनिएता पनि अनुगमन प्रतिवेदनमा निर्माणको क्रममा रहेको भनि उल्लेख भएकोले अनुगमन केवल औपचारिकतामा मात्र सिमित रहेको पाईयो । कानुनमा भएको व्यबस्था अनुसार स्थलगत रुपमा अनुगमन गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाई यथार्थ र सार्थक रुपमा अनुगमन गरीनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ८१ गैरसरकारी संस्थामार्फत कार्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । साथै, सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य मात्र गैर सरकारी संस्थाबाट गराउन सकिने व्यवस्था छ । तर कार्यालयको आफ्नै कर्मचारीबाट हुन सक्ने निम्न बमोजिमको काम गैर सहकारी संस्थाबाट गराएकोमा देहाय बमोजिमको कैफियत देखिन्छ ।

| गो.भौ. नं/ मिति | संस्थाको नाम | कामको व्यहोरा | रकम |
|---|---|---|---|
| १९६९।२०८०।२।८ | लुम्विनी मिडिया हब प्रा.लि. | वडा नं १२ को उद्घोषण तथा नेतृत्व विकास तालिम | १००००० |
| २०५८।२०८०।२।२१ | शुभ जनज्योती प्राबिधिक शिक्षालय प्रा.लि. | महिलाहरुको मन्टेश्वरी तालिम | १९८६१० |
| २१३६।२०८०।२।२८ | साहसी कदम नेपाल | तेस्रो लिङ्गी शसक्तिकरण कार्यक्रम | २९९६६० |
| २१४४।२०८०।२।३० | शंकरनगर सामुदायिक केन्द्र | दलित उत्थान उद्घोषण कार्यक्रम | ५०००० |
| २३३८।२०८०।३।११ | निर्वाणा लिगल एडभाइजर्स फोरम | मेलमिलाप कर्ता पुन ताजगी तालिम | ९६८८०० |
| २४२०।२०८०।३।१३ | सिकिन्छ एकेडेमी प्रा.लि. | प्रोफेशनल एकाउन्टीङ्ग तालिम | ४९८३३० |
| २५०६।२०८०।३।१९ | लुम्विनी मिडिया हब प्रा.लि. | वडा नं ६ को लैङ्गिक समानता सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | ९९५०० |
| २४९३।२०८०।३।१८ | न्यु सनराइज युवा क्लब | वडा नं १७ को उद्घोषण तालिम | ९९५०० |
| २४३०।२०८०।३।१४ | एस.बि. भोकेसनल इन्स्टिच्युट प्रा.लि. | वडा नं ९ को महिलाहरुलाई क्षमता विकास तालिम | १४८२२५ |
| २४३१।२०८०।३।१४ | लुम्विनी फ्रिडम मिडिया प्रा.लि | वडा नं १४ को युवा क्षमता अभिबृद्धि कार्यक्रम | ५०००० |
| ९९५।२०७९।९।२४ | मधवलिया सामुदायिक सिकाइ केन्द्र | वडा नं १५ काे महिला आमा समूहहरुका लागि आत्मबल उद्घाेषण तालिम | १००००० |
| १४२९।२०७९।११।२५ | रिसर्च स्टाटस प्रा.लि. | वडा नं ६ को उद्घोषण तथा नेतृत्व विकास तालिम | ९९००० |

| | | | |
|---|---|---|---|
| १५२३।२०७९।१२।१० | नमस्ते वाल बचाउ नेपाल | वडा नं १ को नेतृत्व विकास तथा उद्यमशिता र महिला आय आर्जन सिप मुलक तालिम | २९९४५० |
| १५८३।२०७९।१२।१६ | नमस्ते बाल बचाउ नेपाल | महिला आयआर्जन र नेतृत्व विकास तालिम | २९९४५० |
| १५९८।२०७९।१२।१९ | सिद्धेश्वर आमा समूह तिलोत्तमा २ | वडा नं २ को कुसन तथा गुडिया बनाउने तालिम | १५०००० |
| १७६३।२०८०।१।१५ | लुम्बिनी मिडिया हब प्रा.लि. | टोल विकास संस्थाहरुकाको नेतृत्वा विकास उद्घोषण तालिम | ९८००० |
| १७६६।२०८०।१।१५ | जानकीनगर आमा समूह ति.न.पा ३ | जानकीनगर आमा समूह कौशिखेती तालिम | ५०००० |
| १७६९।२०८०।१।१७ | लुम्बिनी मिडिया हब प्रा.लि. | टोल विकास तथा आमा समूहहरुलाई उद्घोषण तथा नेतृत्व विकास तालिम | ८९००० |
| १७९२।२०८०।१।२० | एस.बि. भोकेसनल इन्स्टिट्च्युट प्रा.लि. | वडा नं ६ महिलाहरुलाई मन्टेश्वरी शिक्षण तालिम | २००००० |
| १९४४।२०८०।२।४ | सुनौलोनगर आमा समूह | आमा समूह उद्घोषण तालिम | ५०००० |
| १९५२।२०८०।२।५ | मधवलिया सामुदायिक सिकाइ केन्द्र | वडा नं १७ को २ महिने कम्प्युटर बेसिक तालिम | ५०००० |
| १९६८।२०८०।२।८ | लुम्बिनी मिडिया हब प्रा.लि. | वडा नं १ को आमा समूह उद्घोषण तथा नेतृत्व विकास तालिम | ६१००० |
| २१७२।२०८०।२।३२ | वर्ल्ड वाइड टेक्नीकल प्रा.लि. | सिकर्मी डकर्मी तालिम | ४९७२०० |
| २२०१।२०८०।३।४ | शंकरनगर सामुदायिक केन्द्र | वडा नं ३ मा सेनेटरी प्याड बनाउने तालिम | ८०००० |
| २२०७।२०८०।३।४ | क्षितिज आमा समूह वडा न.३ | क्षितिज आमा समूह मादल बजाउने तालिम | ५०००० |
| २३५४।२०८०।३।१२ | श्री संजिवनी आमा समूह | वडा नं १२ को ६ महिने सिलाई कटाइ तालिमको | २००००० |
| **जम्मा** | | | **४८८५७२५** |

सैद्धान्तिक बेरुजु

८२ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८३ **डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | नगरपालिका परिसर मास्टर प्लान | **Ripple Training & Consulting Servive pvt.ltd** | १० लाख | १० लाख | २४८६२७०५८.९३ |
| २ | वडा नं ६ र हरियाली पार्कको मास्टर प्लान | Payu Parbat Engineering & Consulting Service Pvt. Ltd | १० लाख | १० लाख | २४८९७४००.७८ |
| ३ | वडा नं १४के वडा भवन डि .पि.आर. | Resunga Training & Multipropose Pvt.Ltd | ५ लाख | ५ लाख | २०७०२७७४.८२ |
| ४ | नगरका प्रथिमकता प्राप्त येजना डि .पि.आर. | Diyalo Engieering Consulting Pvt.Ltd | ११ लाख | ११ लाख | १३५६७००४०.३९ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै

यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

८४ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८५ **म. ले. प. फारामले तोके बमोजिमकोआन्तरिक नियन्त्रण पद्दति**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरेको छैन ।

¬ म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

¬ म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,

¬ म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको

अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८६ **वन पैदावार आय असूल नभएको**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क

डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालनको लागि रु.५५७५०००।-वजेट विनियोजन भएकोमा ५७ जनालाई ६० दिन देखि १०० दिनसम्मको रोजगारी उपलव्ध गराई औषतमा ९७ दिनको श्रमिक ज्यालामा रु.३१६९४६१।-र प्रशासनिकमा रु. गरी रु.१९३६६९२।—गरी जम्मा रु.५१०६१५३।-खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

८७.१ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८७.२ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यवन गरेको नपाईएकोले सुधारहुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८७.३ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | वडा नं. | आयोजनाको नाम | योजना संख्या | रोजगारी संख्या | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | १ | वडा नं १ भित्रका विभिन्न बाटो मर्मतसंभार एंव सरसफाई | १ | ३ | १२११७१ |
| २ | ७ | हरैया पार्क व्यवस्थापन एवं मर्मत संभार | २ | ९ | २९१९६२ |
| ३ | | कृषि केन्द्रमा साइट क्लियरेन्स र सडकको दायाँबाया मर्मत | | ९ | २२७३३८ |
| ४ | ८ | करहिया स्वास्थ्य चौकीमा मर्मत एवं व्यवस्थापन | ३ | ५ | ९२३२० |
| ५ | | करहिया वनमा साईट क्लियरेन्स एवं मर्मत संभार | | ५ | ११५४०० |
| ६ | | ज्योतिनगर खेल मैदानमा साइट क्लियरेन्स एवं मर्मत संभार | | ५ | ८०७८० |
| ७ | १० | झकरी कुलो मर्मत एवं व्यवस्थापन | २ | १३ | ५९८३४८ |
| ८ | | सेमरा बजार स्वास्थ्य चौकीमा साईट किलयरेन्स र मर्मतसंभार | | १३ | ८४२४२ |
| ९ | ११ | कुमारी देखी नया बस्ती जोडने सडक र सडक मर्मतसंभार | २ | ८ | २१००२८ |
| १० | | वडा भित्र रहेका विभिन्न कच्ची सडक मर्मत संभार | | ८ | २५१५७२ |
| ११ | १३ | ववनी भू पू सैनिक विद्यालयमा साईट क्लियरन्स, मर्मत | २ | ८ | १५३४८२ |
| १२ | | वडा भित्र रहेका विभिन्न टोलका भित्री बाटो मर्मत संभार | | ८ | ३०८११८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | १६ | वडा नं १६ भित्रका विभिन्न बाटो मर्मतसंभार एंव सरसफाई | १ | १ | ५७७०० |
| १४ | १७ | वडा नं १७ का कुलो एवं नहर मर्मतसंभार तथा सरसफाई | ३ | १० | ३९२३६० |
| १५ | | वि पि ग्राम हेल्थ केयर सेन्टरमा साइट किलयरेयन्स | | १० | १२७५१७ |
| १६ | | जमुहानी पार्क सरसफाई, व्यवस्थापन एवं मर्मत संभार | | १० | ५७१२३ |
| **जम्मा** | | | | | **३१६९४६१** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८७.४ वन नियमावली, २०७९ को नियम ४२ मा छ । सामुदायिक वनको संरक्षण र व्यवस्थापनको जिम्मा समेत स्वयं वन उपभोक्ता समिति हुने रहेकोमा पालिकालेवडा नं-८ स्थित करहिया सामुदायिक वनको झाडी सरसफाई लगायतको कार्य विभिन्न ५ जना ज्यामीले गरेको जनाई गो.भौ.३४१।०८०।२।२२ बाट रु.११५४००।—खर्च गरेको छ । यसरि वन नियमावलीको मर्म विपरित सामुदायिक वनहरु रेखदेखको कार्य गरेको पाईएको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | १,१५,४०० |

८७.५ पालिकाले कार्यान्वयन गर्ने योजनाहरू बार्षिक वजेटमा समावेश गरी कार्यान्वयनमा लैजानुपर्ने तथा वडाहरूको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष कार्यान्वयन गरेका पाँच योजनाहरू वजेटमा समावेश गरेको नपाईएको तथा कार्यपालिकाको निर्णयानुसार मात्र छनौट गरेको जनाएको छ । पालिकाले योजना छनौट गर्दा सवै वडाहरुलाई छनौट गर्नुपर्नेमा रोजगारहरु सवै वडामा नभएकोले समेट्न नसकेको जनाएको भएतापनी सवै वडाहरूलाई प्राथमिकतामा राखी योजना छनौट र कार्यान्वयन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८८ **बेरुजु लगत**

नगरपालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । निम्नानुसार बेरुजु लगतका लागि स्वीकृत भएका म.ले.प फारामको व्यवस्था गरेको पाईएन ।

¬ म. ले. प. फाराम, ८०१ बेरुजु लगत नराखेको,

¬.ले. प. फाराम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन तयार नगरेको,

¬ म. ले. प. फाराम ८०५, सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८९ **दरवन्दि भन्दा बढि कर्मचारी**

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(ख) मा कसैले पनि कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाईने व्यवस्था छ । त्यस्तै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९(१) मा कर्मचारी समायोजन गर्दा समेत प्रदेश वा स्थानिय तहको सेवामा स्विकृत भएको दरवन्दी पूर्ति हुन नसकी रिक्त रहेको अवस्थामा मात्र पुल दरवन्दि कायम भएका सम्वन्धित सेवा समूहका कर्मचारी मध्येबाट निज वहाल रहेको पदसँग मिल्दोजुल्दो तहको कर्मचारीलाई काजमा खटाउन सकिने व्यवस्था छ । पालिकामा स्वास्थ्य सेवाको लागि स्विकृत दरवन्दि अनुसारको जनशक्तीको पदपूर्ति रहेको अवस्थामा समेत विभिन्न पदमा गरी जम्मा ३५ जना दरवन्दी भन्दा बढि कार्यरत रहेको विवरण पालिकाले उपलव्ध गराएको छ । यसरी ऐन नियममा व्यवस्था भएको भन्दा बढि एवं स्विकृत दरवन्दि भन्दा अत्याधिक कर्मचारीलाई काजमा राखि बार्षिक रु.१४२२७३२८।- बढि व्ययभार पारेको देखिन्छ । पालिकाले अत्याधिक संख्यामा काज कर्मचारी राख्नाले तलव शिर्षकमा रकम थोरै निकासा भएको जनाई पौष देखि काज कर्मचारीको तलव भुक्तानी दिन नसकेको र बर्षान्तमा वजेट थप माग गरी ६ महिनाको तलव आषाढमा मात्रै एकमुष्ठ भुक्तानी दिएको अवस्था छ । यसरी ऐन नियमावलीको व्यवस्थाको प्रतिकूल बढी कर्मचारी काजमा राखी बढी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | १,४२,२७,३२८ |

९० **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष खरीद गर्ने औषधिको लागत अनुमान वनाउँदा विभिन्न १०० आईटमको लागि पाँच वटा फर्महरुबाट दरभाउपत्र लिएर सो मध्ये सवैभन्दा कम प्रति ईकाई लागत भएको फर्मको दररेटलाई आधार मानि रु.२९६४९२२।२५ को लागत अनुमान वनाएको छ । पालिकाले गत आर्थिक बर्षको खरीद दररेट, गत बर्षको सम्झौता दर तथा उद्योग वाणिज्य संघको रेटलाई समेत आधारमानि लागत अनुमान वनाउनुपर्नेमा सो अवस्था देखिएन । पालिकाले २०७९।८।१६ मा गरेको बोलपत्रको सूचना अनुसार पाँच फर्मको वोलपत्र परेकोमा तिन फर्मले वोलपत्रमा आवश्यक कागजात संलग्न गरेको नपाईएकोले योग्यता तथा पूर्णताको परीक्षणमा असफल रहेको तथा अन्य दुई फर्म सारभूत रूपमा प्रभावग्राही भएको जनाई मूल्याङ्कन समितिले २०७९।९।२४ मा सिफारीस गरेको पाईयो । मूल्याङ्कन समितिको सिफारीस अनुसार सबैभन्दा कम कवोल गर्ने फर्म समुन्द्र मेडिको फर्माको रु.१८४३९६३।१८ को प्रस्ताव स्विकार गरी २०७९।११।२० सम्ममा आपूर्ति गर्ने गरी २०७९।१०।१५ मा सम्झौता गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

९०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको

दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले समुन्द्र मेडिको फर्माको रु.१८४३९६३।१८ को प्रस्ताव स्विकार गरी २०७९।११।२० सम्ममा आपूर्ति गर्ने गरी २०७९।१०।१५ मा सम्झौता गरेकोमा औषधीको आपूर्ति २०७९।१२।६ देखि २०८०।१।२१ सम्म गरी सोहि अनुसारको जिन्सी दाखिला भएको छ जसले गर्दा समयमा सामान प्राप्त नभएको तथा सम्झौता अनुसारको सामान प्राप्त नहुँदा लाभग्राहीले सेवा उपभोग गर्न नपाएको प्रतित हुन्छ । पालिकाले शशर्त वजेटको गो.भौ ३३६।०८०।२।१८ बाट रु.१५६५०००।—र नगरपालिका चालुको गो.भौ. २०२५।०८०।२।१८ बाट रु.२७८९९२।—गरी जम्मा रु.१८४३९६३।१८ को भुक्तानि दिएकोमा सम्अता रकम रु.२०८३६७८।३९ को ६२ दिसम्मको हुने रु.६४५९४।-पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरी भुक्तानी दिनुपर्नेमा असूल गरेको पाईएन । अतः पालिकाले सो रकम सम्वन्धितबाट असूल गर्नुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,५९४ |

९०.२ खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको समेत नदेखिएको ।

आपूर्ति हुने औषधि डव्लु एच ओ सर्टिफाई हुनुपर्ने ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषयको विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको पाईयो ।

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९०.३ पालिकाले २०७९।५।३० मा शशर्त वजेटमा औषधी खरीदको लागि विनियोजित रकम रु.१५६५०००।—तथा नगरपालिका वजेटको रु.२००००००।—गरी जम्मा रु.३५६००००।—को औषधी खरीद गर्ने कार्य योजना स्विकृत गरेकोमा २०७९।१०।१५ को खरीद सम्झौता अनुसार रु.१८४३९६३।१८ को खरीद गरेको छ । वजेटमा उल्लेखित रकम मध्ये बाँकि वचत रकमबाट पुनः प्रतिश्पर्धात्मक खरीद प्रकृया मार्फत औषधी खरीद गर्नुपर्नेमा पटक पटक दरभाउपत्र मार्फत गरि रु.१६८१९३३।—को खरीद गरेको छ । पालिकाले प्रतिश्पर्धात्मक खरीद प्रकृया मार्फत खरीद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ९१ तलवी प्रतिवेदन

९१.१ स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार कार्यरत स्थायी कर्मचारीको सम्वन्धमा तलवी प्रतिवेदन पारीत गरेर मात्रै तलव भत्ता लेख्नुपर्ने व्यवस्था छ । पालिकामा विभिन्न पदमा स्विकृत दरवन्दि ५२ जना रहेकोमा कर्मचारी समायोजन र पुनः समायोजनमा गरी ६० जना कर्मचारी कायम भएकोमा पटक पटक समायोजनको नाममा पुनः ७ जना कर्मचारी, कामकाजमा १४ जना, कोभिड काजमा १३ जना लगायतको गरी प्राप्त विवरण अनुसार ११० जना कार्यरत रहेको पाईयो । सो वाहेक करारमा समेत कार्यरत रहेको अवस्था छ । पालीकाले सो अनुसार कार्यरत कर्मचारीको तलव भत्ता लगायतको सुविधा खर्च लेख्दा तलवी प्रतिवेदन पारीत गरेर मात्र खर्च लेख्नुपर्नेमा यस बर्ष तलवी प्रतिवेदन पारीत नगरी ५०८०००००।-खर्च गरेको छ । जसले गर्दा स्थायी कर्मचारी मध्ये कुन कुन कर्मचारी दरवन्दि भित्रको हो र निजले कति ग्रेड वरावरको सुविधा उपभोग गर्ने हो सो सम्वन्धमा यकिन गर्नसक्ने अवस्था देखिएन । त्यस्तै काजमा कार्यरत कर्मचारीहरु मध्ये कस-कसको दरवन्दि कहाँ हो र निजको तलवी प्रतिवेदन कुन निकायबाट पारीत भएको छ, यकिन छैन ।

सैद्धान्तिक बेरुजु

९१.२ पालिका अन्तर्गतका स्वास्थ्य चौकिहरुका विभिन्न पदमा स्विकृत दरवन्दि अनुसार र कार्यबोझको आधारमा मात्रै काज सरुवा गर्नुपर्ने देखिन्छ । तर पालिका अन्तर्गतको स्विकृत जनशक्ती मध्ये कुन निकायमा कति जनशक्ती नपुग छ सोको आधारमा मात्र आवश्यकता अनुसारको काज सहमती दिनुपर्ने देखिन्छ । त्यस्तै नेपाल सरकारबाट छात्रवृद्दिमा अध्ययन गरी तोकिएको अवधिको लागि काजमा खटिएने मेडिकल अफिसर समेत पालीका अन्तर्गत स्वास्थ्य केन्द्र नरहेतापनी विभिन्न ४ स्वास्थ्य चौकिहरु र १ शहरी स्वास्थ्य केन्द्रमा कार्यरत रहेको देखिन्छ । कोभिड-१९ को संक्रमणको समयमा कोभिड काज भनि काजमा आएका स्वास्थ्यकर्मीहरु समेत हालसम्म पनि काजमा नै रहेको अवस्था छ । पालीकाले विभिन्न पदमा आवश्यकता भन्दा बढि संख्यामा काज सहमती दिंदा अन्यत्र सेवा सुविधा कम र भौगोलिक हिसावले दुर्गम स्थानमा आवश्यक कर्मचारीको अभाव हुनगई सर्वसाधारण सेवाबाट वञ्चित हुनुपर्ने देखिन्छ । अतः निर्धारीत मापदण्ड पुरा गरेर र आवश्यता वमोजिम मात्रै काज स्विकृत गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ९२ दुधमा अनुदान

तिलोत्तमा नगरपालिकाद्धारा पारीत दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यक्रम कार्यविधी, २०७६ को दफा ४(ज) मा अनुदान रकम प्राप्त गर्नको लागि सहकारी संस्थाबाट छनौट भएका कृषकहरूलाई सहकारी संस्थाहरूमा दुध संकलन रेकर्ड तथा अडिट रीपोर्टको आधारमा प्रति लिटर दुधको परल मूल्यमा बढीमा रु.१।— (एक) थप रकम उपलव्ध गराउनसकिने उल्लेख छ । पालिकाले वडा नं-८ का कृषकलाई दुधमा प्रोत्साहन जनाई गो.भौ.११४७।०८०।२।२१ बाट दिव्य शान्ती बहुउदेश्यीय दुग्ध उत्पादक सहकारी संस्थालाई दिएको पेश्कि रकम रु.५४१३६९।—फछ्यौंट गरेको छ । तर कार्यविधीमा उल्लेख भए अनुसार कुन कुन कृषकले बार्षिक रूपमा कति

दुध सहकारीमा संकलन गरेको हो सोको तथ्याङ्क लेखापरीक्षण प्रतिवेदन तथा सहकारीले माग गरेको प्रमाणमा समेत उल्लेख छैन । यसरी कार्यविधीको व्यवस्था विपरीत भएको यस्तो भुक्तानी रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ५,४१,३६९ |

९३ **प्रविधी हस्तान्तरण**

गरीवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को ७७(३) मा उद्यमीलाई प्रदान गरीने प्रविधी खरीदको रकम मध्ये न्युनतम बिस प्रतिशत रकम प्र्रविधि सामान प्राप्त गर्ने उद्यमीको तर्फबाट र बाँकि पालिकाबाट योगदान रहनुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष देहायका उद्यमीहरुलाई देहायको सामानहरू खरीद गरी प्रविधी हस्तान्तरण गरेको पाईएकोमा उद्यमीहरुको तर्फबाट आफ्नो योगदान व्यहोरेको पाईएन । अतः निर्देशिकाले तोकेको प्रकृया पुरा नगरी भुक्तानी गरेको उक्त रकम रु.३४६००।-पालिकाले यकिन गरी सम्वन्धितबाट असूल गर्नुपर्ने देखिन्छ, रु.

| **सि.नं** | **खरीद फर्म** | **प्रविधी** | **रकम रु.** | **लागत सहभागिता हुनुपर्ने रु.** |
|---|---|---|---|---|
| १ | अष्टदीप एग्रो ईन्जिनियरीङ्ग सेल्स | मिनि टिलर | ६५०००।- | १३०००।- |
| २ | सिद्धार्थ गौतम सप्लायर्स | सिलाई मेशिन | १७१९६।- | ३६००।- |
| ३ | " | " | १७१९६।- | ३६००।- |
| ४ | " | " | १७१९६।- | ३६००।- |
| ५ | " | " | १७१९६।- | ३६००।- |
| ६ | " | " | १७१९६।- | ३६००।- |
| ७ | " | " | १७१९६।- | ३६००।- |
| **जम्मा** | | | | **३४६००।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,६०० |

९४ **लघुउद्यम कार्यक्रम**

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न ७ कार्यक्रमको लागि यस बर्ष रु.२७६००००।-रकम विनियोजन भएकोमा रु.२७४८८९४।-खर्च गरेको पाईयो । पालिकाले यस बर्ष विभिन्न ७ वटा प्राविधिक सिपमूलक तालीम संचालन गरी ९१ जनालाई तालीम प्रदान गरेको र स्तरउन्नती अन्तर्गतको तालीम संचालन विभिन्न उद्यमीलाई प्रविधि हस्तान्तरण गरेको छ । यसरी तालीम प्राप्त उद्यमी मध्ये ३ जनालाई सिलाई कटाई मेशिन, चप्पल मेशिन १ सेट, सिंचाई मटर मेशिन २ वटा, कुखुरा चल्ला वितरण, फर्मा सेट १ वटा, स्ट्रेट मेसिन २ वटा लगायतका विभिन्न प्रविधी वितरण गरेको छ । गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम

संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पालिकाले अनुगमन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**९५ अनुत्पादक क्षेत्रमा खर्च**

स्थानीय तह बजेट तथा कार्यक्रम तर्जुमा, २०७४ मा कार्यक्रम/योजना तर्जुमा गर्दा स्थानीय तहका जनताको जीवनस्तरमा प्रत्यक्ष लाभ पुग्ने र आर्थिक वृद्धि हुने खालको योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले गो.भौ.नं ९५८/२०८०।०१।२८ बाट सोह्र छत्तिस संयुक्त सिँचाई प्रणालीमा निर्माणमा विनियोजित भएको बजेटबाट सिँचाई प्रणालीको संरचना निर्माण नगरी उक्त बजेटबाट कृषकहरुलाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम भनी विभिन्न कृषक, उपभोक्ता समुह र कर्मचारीको मिति २०७९।१२।१७ देखि २०७९।१२।२२ सम्म ६ दिवसिय अवलोकन भ्रमणमा सिँचाई प्रणाली सम्बद्धः व्यवस्थापनका सदस्य, अगुवा किसान र स्थानीय तहका कर्मचारी समेत ७५ जनाको प्रस्ताव बमोजिम ७० जना किसान तथा कर्मचारी भ्रमणमा भएको उल्लेख भएतापनि सहभागिको हाजिरी, सहभागी छनौटको आधार, निर्णय पेश हुन सकेन ।यसरी भ्रमण प्रतिबेदन बमोजिम उक्त टोली सर्लाही, महोत्तरी, धनुषा, सुनसरी, इलाम, झापा लगायतको जिल्लाको अवलोकन भ्रमण गरेर फर्किएको प्रतिबेदन पेश भएको छ । यसरी सिँचाई प्रणाली निर्माण नगरी कृषकको अवलोकन भ्रमण गरी रू. ९२६४२५/- खर्च भएकोले त्यसबाट उक्त सिँचाई प्रणालीबाट कृषक लाभान्वित भएको नदेखिएको र त्यसबाट उत्पादनमुलक क्रियाकलाप समेत भएको नदेखिएकोले उक्त खर्च अनुत्पादक क्षेत्रमा भएको देखिएकोले कषक भ्रमणमा भएको खर्च अनियमित देखिएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | ९,६२,४२५ |

**९६ नवीकरणीय उर्जा**

बैकल्पिक प्रवर्धन तथा उर्जा निर्देशिका, २०७९ मा नवीकरणीय उर्जा गोबर ग्याँस प्लाण्ट निर्माण गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले वडा नं ६ मा ३ जना र वडा नं १४ मा २ जना गरी ५ जना विभिन्न लाभग्राहीको गोबर ग्याँस प्लाण्ट गरेको भनी रू.१०२०००/- भुक्तानी खर्च लेखेकोमा निर्देशिकामा उल्लेख भए बमोजिम लाभग्राही छनौट गरेको निर्णय, वैकल्पिक प्रवर्द्धन केन्द्र, भृकुटी गोबर ग्याँस प्रा.लि बुटवल र नगरपालिकाविच त्रिपक्षीय सम्झौता एवं उक्त प्लाण्ट निर्माणको लागि कुल लागत मूल्य एवं प्लाण्ट निर्माण भएको प्राविधिक मूल्याङ्कन प्रतिबेदन समेत संलग्न नरहेकोले उक्त प्लाण्ट वापत भएको खर्च एकिन नभएको रकम रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०२,००० |

**९७ बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा सम्झौता बमोजिम भुक्तानी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले खाद्यान्न बालीमा उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम वापत कृष्ण कन्हैया उपभोक्ता सहकारी संस्था लि. रौतहटबाट ३५२० के.जी बिजय गहुँको बीउ खरिद बापत रू.२५३४४०/- भुक्तानी खर्च लेखेकोमा सम्झौता बमोजिम लागत मूल्यको २० प्रतिशत ढुवानी वापत रू.५०६८०/- खर्च गर्नुपर्नेमा रू.८५७६०/- भुक्तानी खर्च लेखेकोले रू.३५०७२/- बढी भुक्तानी खर्च लेखेकोले अनियमित देखिएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | ३५,०७२ |

९८ **कर दाखिला नगरेको**

मूल्य अभिवृद्धि कर नियमावली, २०५४ मा वस्तु वा सेवामा लगाइएको मु.अ.कर संकलन वापतको रकम सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले देहायको ठेक्कामा संकलन गरिएको मूल्य अभिवृद्धि कर रू.३१८८२५/- सम्बन्धित खातामा दाखिला गरेको नपाइएकोले मु.अ.कर खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रकम रू.

| सि.नं | निर्माण व्यवसायी | वापत | मु.अ.कर | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | एन एस इन्जियरिङ एण्ड सप्लायर्स | नदी जन्य पदार्थ | ४७१९०० | २३५९५० | २३५९५० |
| २ | शाइन हव प्रा.लि | विज्ञापन कर ठेक्का | ८२८७५ | | ८२८७५ |
| ३ | कोरल निर्माण प्रा.लि.नवलपुर,शान्ति मोडेल मा.वि.मणिग्राम | शान्ति मोडेल मा.वि.मणिग्रामको ४ कोठे भवन निर्माण | ९९४३० | ७५७६३ | २३६६६ |
| **जम्मा** | | | | | **३४२४९१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४२,४९१ |

९९ **नदीजन्य पदार्थको दर निर्धारण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(च) मा ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, अभ्रख र दहत्तर वहत्तरमा प्राकृतिक श्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउपालिका वा नगरपालिकाले संकलन गर्ने व्यवस्था विद्यमान थियो तर नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७५ को ३४(३) ले उक्त दफा ६४ लाई खारेज गरेको छ। केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ दफा ६२(क) ले प्राकृतिक वस्तुको विक्री वितरण गाउँपालिका तथा नगरपालिकाले गर्न सक्ने र यसरी प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी कानूनी व्यवस्था भएको दर तोक्ने अधिकारलाई क्रमशः कानूनबाट खारेज गरी ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा विक्री व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को प्रकरण ४(घ) मा गाउँसभा वा नगरसभाबाट स्वीकृत दरमा उत्खनन् र संकलनको अनुमति दिने र विक्रीको लागि ठेक्का व्यस्था मिलाउने काम गाउँपालिका वा नगरपालिकाको दायराभित्र राखेको देखिन्छ। यसरी सभाबाट दर तय गर्ने व्यवस्था भएकोमा तिनाउ नदी रको सम्बन्धमा कार्यापालिका बैठकको निर्णयमा नदीजन्य पदार्थको राजस्व प्रति घन फिट १८ निर्धारण गरेको पाइयो। कार्यपालिकाले सिफारिस गरी सभाबाट निर्णय गर्नुपर्न विषयमा आफैले क्षेत्राधिकार बाहिर गई दर निर्धारण गर्नु कानून सम्मत भएन। यसैगरी एउटै नदीमा विभिन्न स्थानीय तहको क्षत्राधिकार पर्ने तर नदीजन्य पदार्थको दर स्थानीय पालिकाबाट

तोक्दा एक आपसमा समन्वय नभई फरक फरक दरमा राजस्व उठ्ने अवस्था देखिन्छ। यसले गर्दा कुनै स्थानीय तहको आधार ठूलो बन्ने र कुनैको करको आधारमा संकुचन हुने अवस्था हुने अवस्था देखिन्छ। यसरी नदीजन्य पदार्थबाट प्राप्त राजस्व बाँडफाँडको सिद्धान्त बमोजिम प्रदेश र स्थानीय तहको Ratio ४०:६० भएकोले दर तोक्ने कार्य प्रदेशले गर्ने कानूनी व्यवस्था भएमा एकरुपता कायम हुने र कुनै स्थानीय तहको ठेक्का लाग्ने र कुनैको नलाग्ने अवस्थाको समेत अन्त्य हुने देखिन्छ। जस्तैः- तिलोत्तमा नगरपालिकाले तिनाउ नदि घाटबाट निस्कने नदिजन्य पदार्थको प्रति घनफिट रु. १८ कायम गरिएको छ। तर अन्य पालिकाले नदिको घाटबाट नदीजन्य पदार्थको दर घटी/बढी तोक्दा एकले अर्कालाई असर पार्न सक्ने अवस्था विद्यमान देखिन्छ। यसको समाधानको उपाय प्रदेश सरकारले नदीको घाट अनुसारको मूल्य निर्धारण गर्नु वाञ्छनीय देखिन्छ।

सैद्धान्तिक बेरुजु

१०० **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना**

लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने उल्लेख छ। कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु. ११२६१४१९१।(बढी परीमाणको राजस्व समेत ) आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन। समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०१ **नदीजन्य पदार्थको आयठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका नदीजन्य पदार्थबाट राजश्व संकलन गरी आन्तरिक आय वृद्धि गर्नुपर्ने उल्लेख रहेको छ । नगरपालिकाले यो बर्ष ठेक्का लगाएको मध्ये ठेक्का नं-२०।२०७९।८० तिनाउ नदी समरी सुस्पुरा घाटक्षेत्र वार्ड नं १३ को कबोल गर्ने लेखिका विल्डर्स प्रा.लि शुद्धोधनले रू.२५१९०५२५/- कबोल गरेकोमा उक्त सप्लयार्स सम्झौता गर्न नआएको कारणले कार्यसम्पादन जमानत वापत राखेको रकम रू.१२५९५२६/- जफत गरेको साथै ठेक्का नं-२२।०७९।८० सुखौरा नदी गणेश नगर घाटक्षेत्रको कबोल गर्ने कोरल निर्माण सेवा नवलपरासीको रू.१०१०००००/- सम्झौता गर्न नआएकोले निजले राखेको कार्यसम्पादन जमानत रकम रू.५७०६५०/- जफत गरिएको छ । उक्त घाटक्षेत्रको पुनः ठेक्का आह्वान गरिएकोमा सम्झौता नहुन आएको कारणले नगरपालिकालाई राजश्व वापत न्युनतम रू.२९६१००००/- गुम्न गएको छ ।

सैद्धान्तिक बेरुजु

१०२ **क्रशर उद्योग**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २०७७ सालमा जारी भएको ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड अनुसार प्रत्येक स्थानीय तहले यस सम्बन्धमा भएका प्रावधानरूको परिपालना गर्नुपर्दछ। उक्त मापदण्डको प्रकरण ११ मा क्रसर उद्योग संचालनका लागि दुरी सम्बन्धी मापदण्ड तयार गरिएको छ। सो व्यवस्था अनुसार खोला वा नदी किनाराबाट ५०० मिटरको दुरी भित्र क्रसर उद्योग संचालनको अनुमति दिन मिल्दैन। यस नगरपालिकामा तिनाउ नदीको तटमा स्थापना भएका केही क्रसर उद्योगहरूको स्थलगत अवलोकन गर्दा दुरी सम्बन्धी मापदण्डको परिपालना नगरी क्रसर उद्योग संचालन गरेको पाइयो। यस पालिकाभित्र उक्त नदीको आसपासमा संचालित निम्न क्रसर उद्योग स्थापित भएको तथ्याङ्क पालिकाबाट उपलब्ध भएकोले यी उद्योगहरूको दुरी यकिन गरी मापदण्ड विपरितका क्रसर उद्योग छानविन गरी बन्द गर्नुपर्ने देखिन्छ।

| **क्रशर उद्योगको नाम** | **दर्ता भएको निकाय** | **दर्ता मिति** | **नवीकरण तथा सञ्चालन अनुमति भए नभएको** | **कैफियत** |
|---|---|---|---|---|
| सिद्ध क्रशर उद्योग तिलोत्तमा—३ | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०५२.०९.१९ | नवीकरण नभएको | बन्द |
| पशुपति स्टोन क्रशर उद्योग तिलोत्तमा—३ | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०४९.०१.२४ | नवीकरण नभएको | बन्द |
| चामुण्डा रोडा ढुंगा ईण्डष्ट्रिज तिलोत्तमा—६ | कंपनी रजिष्टारको कार्यालय | ०६४.०६.२६ | नवीकरण नभएको | चालू |
| | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०६४.१०.०४ | नवीकरण नभएको | चालू |
| न्यू सुपर रोडा उद्योग प्रा.लि.तिलोत्तमा—६ | कंपनी रजिष्टारको कार्यालय | ०६९.१२.०८ | नवीकरण नभएको | चालू |
| | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०७०.०२.०५ | | |
| पाठक रोडा ढुंगा प्रशोधन उद्योग तिलोत्तमा—६ | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०५२.०४.२९ | नवीकरण नभएको | चालू |
| न्यू सृष्टि नमूना क्रशर उद्योग प्रा.लि.तिलोत्तमा—६ | कंपनी रजिष्टारको कार्यालय | ०७०.०१.१३ | नवीकरण नभएको | चालू |
| | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०७०.०१.२२ | नवीकरण नभएको | चालू |
| मुक्तिनाथ नमूना कंक्रिट उद्योग तिलोत्तमा—६ | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०६१.०८.३० | नवीकरण नभएको | चालू |

| | | | | |
|---|---|---|---|---|
| कश्यप नमूना रोडा उद्योग प्रा.लि.तिलोत्तमा—६ | कंपनी रजिष्टारको कार्यालय | ०७०.०१.१६ | नवीकरण नभएको | चालू |
| | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०७०.०२.०३ | | |
| जि.एन.कंक्रिट उद्योग तिलोत्तमा—६ | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०५२.०४.०१ | नवीकरण नभएको | चालू |
| कामना स्टोन ईण्डष्ट्रिज तिलोत्तमा—६ | कंपनी रजिष्टारको कार्यालय | ०६९.१२.०८ | नवीकरण नभएको | चालू |
| | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०७०.०१.३१ | नवीकरण नभएको | चालू |
| जुनतारा कंक्रिट उद्योग प्रा.लि.तिलोत्तमा—१३ | कंपनी रजिष्टारको कार्यालय | ०६६.०८.०७ | नवीकरण नभएको | चालू |
| | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०६६.०९.०८ | नवीकरण नभएको | चालू |
| तिनाउ रोडा ढुंङ्गा प्रशोधन उद्योग प्रा.लि.तिलोत्तमा १३ | कंपनी रजिष्टारको कार्यालय | ०६०.१२.१२ | नवीकरण नभएको | चालू |
| | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०६०.०८.२३ | नवीकरण नभएको | चालू |
| रुपन्देही एस.आर रोडा उद्योग प्रा.लि.तिलोत्तमा १३ | कंपनी रजिष्टारको कार्यालय | ०७०.१०.०७ | नवीकरण नभएको | चालू |
| | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०७१.०१.१६ | | |
| माछापुच्छ्रे रोडा उद्योग तिलोत्तमा १३ | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०६५.०७.२० | नवीकरण नभएको | चालू |
| सिद्धबाबा क्रशर उद्योग | कंपनी रजिष्टारको कार्यालय | ०७०.०४.०६ | नवीकरण नभएको | चालू |
| | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०७०.०४.१० | | |
| महामाया रोडा ढुङ्गा प्रशोधन प्रा.लि.तिलोत्तमा १४ | कंपनी रजिष्टारको कार्यालय | ०७०.०३.१९ | नवीकरण नभएको | चालू |
| | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०७०.०३.२५ | | |
| एभरेष्ट रोडा उद्योग तिलोत्तमा १४ | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०६९.०३.३१ | नवीकरण नभएको | चालू |

| | | | | |
|---|---|---|---|---|
| पंचमुर्ति रोडा उद्योग तिलोत्तमा १४ | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०६०.०४.२६ | नवीकरण नभएको | चालू |
| दाउन्ने देवी रोडा उद्योग तिलोत्तमा १४ | घ.तथा सा.उ.कार्यालय, रुपन्देही | ०६०.०२.०६ | नवीकरण नभएको | |
| शिवशक्ति रोडा एवं प्रशोधन उद्योग प्रा.लि.तिलोत्तमा १४ | कंपनी रजिष्टारको कार्यालय | ०७२.०८.०२ | नवीकरण नभएको | बन्द |
| सृष्टि रोडा उद्योग प्रा.लि.तिलोत्तमा १४ | कंपनी रजिष्टारको कार्यालय | ०७१.०२.२७ | नवीकरण नभएको | चालू |
| ईरविन रोडा उद्योग प्रा.लि. | कंपनी रजिष्टारको कार्यालय | ०७०.०२.१७ | नवीकरण नभएको | चालू |

सैद्धान्तिक बेरुजु

१०३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.२०१६०१७।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. २०१६०१७।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु...

| **भौ.नं.** | **मिति** | **कार्यक्रम** | **पेश्की लिनेको नाम** | **पेश्की रकम** | | |
|---|---|---|---|---|---|---|
| | | | | **म्याद बाँकी** | **म्याद नाघेको** | **जम्मा** |
| १२७ | २०७९.०६.०५ | कर्मचारी तालिम खर्च | मोति न्यौपाने | | १५०००० | १५०००० |
| १४२ | २०७९.०९.११ | कम्युनिटि डट्स कार्यक्रम | प्रवेश पौडेल | | ११०००० | ११०००० |
| २९९ | २०८०.०१.१७ | खोप सुनिश्चितता कार्यक्रम | प्रवेश पौडेल | | ३३१५०० | ३३१५०० |
| ३५३ | २०७९.०७.१५ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | गंगोलिया हेल्थ पोष्ट | | ५०००० | ५०००० |
| ९७ | २०७९.०७.२२ | स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा संचालन खर्च | शंकरनगर हेल्थ पोष्ट | | २००००० | २००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५०४ | २०७९.०७.२२ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | टिकुलीगढ हेल्थ पोष्ट | | ५०००० | ५०००० |
| २९२ | २०७९.१०.१७ | उत्पादनमा आधारित दुधमा अनुदान | शंकरनगर दुग्ध उत्पादक सहकारी लि. | | १९२२६७ | १९२२६७ |
| २९२ | २०७९.१०.१७ | उत्पादनमा आधारित दुधमा अनुदान | श्री पशुपति दुग्ध उत्पादक सहकारी संस्था लि. | | ८२२५० | ८२२५० |
| १७३२ | २०८०.०३.२० | विद्यालयहरुका लागि यातायातका साधन व्यवस्थापन अनुदान | श्री जनज्योति माध्यामिक विद्यालय डिङ्गनगर | | ३५०००० | ३५०००० |
| १७३२ | २०८०.०३.२० | विद्यालयहरुका लागि यातायातका साधन व्यवस्थापन अनुदान | श्री भुल्के माध्यामिक विद्यालय | | ५००००० | ५००००० |
| **जम्मा** | | | | | | **२०१६०१७** |

| | |
|---|---|
| पेश्की | २०,१६,०१७ |

**१०४ म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिमका कार्यक्रममा निकाय व्यक्ति तथा संस्थालाई रु. २८११२०८३।-पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| **भौ.नं.** | **मिति** | **कार्यक्रम** | **पेश्की लिनेको नाम** | **पेश्की रकम** |
|---|---|---|---|---|
| १७ | २०७९.०९.१३ | भलवारी देखी तिनाउ जाने सडक निर्माण वडा नं ६ | निम कन्स्ट्रक्सन कम्पनी प्रा.लि | १४४००० |

| | | | | |
|---|---|---|---|---|
| २१ | २०७९.०९.२८ | Urban Development Grant अन्तरगत मंगलापुर देखी कान्छी बजारसम्म सडक स्तरोन्नती गर्ने कार्य | शर्मा सगुन जे.भी. | २३२९८०८३ |
| ५ | २०७९.११.०२ | कैलाशपथ हुँदै तुल्सीपुरसम्म सिंचाइ कुलो निर्माण वडा नं ५ | देउराली कन्स्ट्रक्सन | १८०००० |
| ४५७ | २०७९.११.१६ | प्रशासनिक भवन परिसरमा इन्जिनियरिङ्ग प्रयोगशाला कोसेलीघर नगर पुलिस आवास भवन स्तरोन्नती | स्वर्गद्वारी निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि | ३३०००० |
| ९०७ | २०८०.०१.२१ | वडा नं. १४ वडा कार्यालय भवन निर्माण | लक्ष्मी एण्ड सुजल निर्माण सेवा | ८९०००० |
| १०७३ | २०८०.०२.०९ | वडा नं. ६ वडा कार्यालय भवन निर्माण | मुक्ति कन्स्ट्रक्सन | ११९०००० |
| १०७८ | २०८०.०२.१० | वडा नं. १४ वडा कार्यालय भवन निर्माण | लक्ष्मी एण्ड सुजल निर्माण सेवा | ८९०००० |
| ७४ | २०८०.०२.२५ | वडा नं. ६ वडा कार्यालय भवन निर्माण | मुक्ति कन्स्ट्रक्सन | ११९०००० |
| **जम्मा** | | | | **२८११२०८३** |

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: तिलोत्तमा नगरपालिका, रुपन्देही, तिलोत्तमा नगरपालिका, रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जिवन ज्ञवाली | २०७८-१०-१० | २०७९-५-५ |
| कार्यालय प्रमुख | नारायण अर्याल | २०७९-५-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रमेश वस्याल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,३५२,९५९ | ३९,६२८,४३५ | १९,३२९,४१७ | ० | ० | २,०१६,०१७ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६२,३२६,८२८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६२,३२६,८२८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५६६६६९६२७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ९६०७६९३१९ | **चालु खर्च** | ६८८३०१३१४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४७९३८२३५ | **पूँजीगत खर्च** | ७१८८९१६३९ |
| **राजश्व बाँडफाँट** | ३७७१३१३९९ | **वित्तीय/अन्य व्यवस्था** | ७४६१३१८६१ |
| **आन्तरिक आय** | २२५५८१७६३ | | |
| **अन्य आय** | ६५५१४५७७३ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | २२६६५६६४८९ | **कुल खर्च** | २१५३३२४८१४ |
| **बाँकी मौज्दात** | | ६७९९११३०२ | |

**बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण- अनुसूची-३**

एकीकृत वित्तीय विवरण

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ५६६६६९६२७ | १ | चालु खर्च | ६८८३०१३१४.४ | ६८८३०१३१४.४ |
| | क) संचित कोष खाता बैक | ४६९७८४५३८.२ | | २ | पूँजीगत खर्च | ७१८८९१६३९.४ | ७१८८९१६३९.४ |
| | ख) संचित कोष खाता नगद | | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | धरौटी खाता | ५१७४२२३६.९४ | | | क) ऋण भुक्तानी | | |
| | कोष खाता | ४५१४२८१५.८४ | | | ख) ब्याज भुक्तानी | | |
| २ | राजस्व | | ६०२७१३१६४.२ | | ग) अन्य भुक्तानी | | |
| | क) आन्तरिक राजश्व | २२५५८१७६५ | | ४ | लगानी | | |
| | ख) बाँडफाँडबाट प्राप्त राजश्व | ३७७१३१३९९.२ | | | ऋण लगानी | | |
| | संघीय सरकार | ११४८२७७०७.२ | | | शेयर लगानी | | |
| | प्रदेश सरकार | १९५३८८३३९.७ | | ५ | अन्य खर्च | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय सरकार | ६५४४५४०२ | | | सामाजिक सुरक्षा तथा संरक्षण | | ४११९१९०११.७ |
| | ग) अन्य आय वन रोयल्टी | १४६९९५०.२९ | | | घ) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | ५९३९९४१३ |
| ३ | संघीय सरकारबाट प्राप्त अनुदान | | ९६०७६९३१९ | | | | |
| | क) वित्तिय समानीकरण अनुदान | २४६९७५००० | | ८ | धरौटी फिर्ता | २५९०८०१५.६८ | २५९०८०१५.६८ |
| | ख) सशर्त अनुदान | ६९४६०२००० | | ९ | जनश्रमदान फिर्ता | | |
| | ग) समपूरक अनुदान | ९२५२७५९ | | १० | कोष खर्च | १२२५७०८८९ | १२२५७०८८९ |
| | घ) विशेष अनुदान | ९९३९५६० | | ११ | मौज्दात | | ६७९९११३०१.५ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४७९३८२३४ | | क) बैंक मौज्दात | ५०३७५३३९८.८ | |
| | क) वित्तिय समानीकरण अनुदान | १४३६६००० | | | ख) नगद मौज्दात | ५५८९५५९४.८७ | |
| | ख) सशर्त अनुदान | १३०००००० | | | ग) धरौट मौज्दात | ५५८८३२३४.९४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) समपुरक अनुदान | ११५७२२३४ | | | घ) कोष खाताको मौज्दात | ६४३७९०७२.८४ | |
| | घ) विशेष अनुदान | ९०००००० | | ९ | शसर्त अनुदान फिर्ता | | १२६३३४५३१.६ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | संघीय सरकार | ११५५३२०१४.२ | |
| ६ | अन्य | | ७७९४८२५ | | प्रदेश सरकार | १०८०२५१७.३५ | |
| | क) सडक बोर्ड नेपाल | ७७९४८२५ | | | | | |
| | ग सामाजिक सुरक्षा तथा संरक्षण | ४११९१९०११.७ | ४११९१९०११.७ | १० | गत बर्षको बढी अल्या | | |
| | घ) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ५९३९९४१३ | ५९३९९४१३ | | | | |
| | घ) एन एन एस डब्लु ए | | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | १४१८०७११० | १४१८०७११० | | | | |
| ८ | जनसहभागिता ( नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | धरौटी आय | २८८८६२१५.६८ | २८८८६२१५.६८ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | ५३३९१९६.५६ | ५३३९१९६.५६ | | | | |
| | जम्मा | | २८३३२३६११६ | | जम्मा | | २८३३२३६११६ |

सुत्रको वित्तीय विवरण

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | २,०७,८२,६७,०४२.८९ | १,५४,२०,०५,८८४.९१ | | १,५४,२०,०५,८८४.९१ | १,५८,१०,९९,८१५.०८ | | १,५८,१०,९९,८१५.०८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १,९१,९३,१८,०००.०० | १,४९,२८,०४,८४४.२३ | ० | १,४९,२८,०४,८४४.२३ | १,५४,९९,४८,५१३.०८ | ० | १,५४,९९,४८,५१३.०८ |
| ११००० कर | ११ | ४५,४०,६७,०००.०० | ४१,०१,२४,६६२.४३ | ० | ४१,०१,२४,६६२.४३ | ५३,५३,९१,९२०.९५ | ० | ५३,५३,९१,९२०.९५ |
| १३००० अनुदान | | १,०३,६७,०१,०००.०० | ८९,००,९१,६८०.०१ | ० | ८९,००,९१,६८०.०१ | ८०,२०,४७,२३६.२६ | ० | ८०,२०,४७,२३६.२६ |
| संघीय सरकार | १२ | ९८,५३,३५,०००.०० | ८४,८४,४७,९८८.८६ | ० | ८४,८४,४७,९८८.८६ | ७५,९५,६२,८०८.८३ | ० | ७५,९५,६२,८०८.८३ |
| प्रदेश सरकार | १२ | ५,१३,६६,०००.०० | ४,१६,४३,६९१.१५ | ० | ४,१६,४३,६९१.१५ | ४,२४,८४,४२७.४३ | ० | ४,२४,८४,४२७.४३ |
| १४००० अन्य राजस्व | | ३३,८५,५०,०००.०० | १९,२५,८८,५०१.७९ | ० | १९,२५,८८,५०१.७९ | २१,२५,०९,३५५.८७ | ० | २१,२५,०९,३५५.८७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२००० वित्तीय सम्पत्ति | | ९,००,००,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १५,८९,४९,०४२.८९ | ४,९२,०१,०४०.६८ | | ४,९२,०१,०४०.६८ | ३,११,५१,३०२.०० | | ३,११,५१,३०२.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | १६,०३,०७५.०० | ० | १६,०३,०७५.०० |
| कोषहरु | | १५,८९,४९,०४२.८९ | २,०३,१४,८२५.०० | ० | २,०३,१४,८२५.०० | ० | ० | ० |
| धरौटी | | ० | २,८८,८६,२१५.६८ | ० | २,८८,८६,२१५.६८ | २,९५,४८,२२७.०० | ० | २,९५,४८,२२७.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | २,०७,८२,६७,०४२.८९ | १,५६,१४,३२,००७.३७ | | १,५६,१४,३२,००७.३७ | १,५७,४६,३८,२९५.०७ | | १,५७,४६,३८,२९५.०७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,९१,९३,१८,०००.०० | १,४०,७१,९२,९५३.७५ | | १,४०,७१,९२,९५३.७५ | १,४७,२८,७१,१४०.४७ | | १,४७,२८,७१,१४०.४७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ५१,९५,६४,०००.०० | ४५,०९,९५,६९९.२५ | ० | ४५,०९,९५,६९९.२५ | ४१,६७,३३,९५३.०९ | ० | ४१,६७,३३,९५३.०९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १९,२५,३०,८५६.०० | १६,५४,४१,५३१.६० | ० | १६,५४,४१,५३१.६० | १५,२६,३९,२२५.४८ | ० | १५,२६,३९,२२५.४८ |
| २५००० सहायता (Subsidy) | १८ | ३७,८५,०००.०० | ३२,७३,०००.०० | ० | ३२,७३,०००.०० | ३,८३,६९,१६९.०० | ० | ३,८३,६९,१६९.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | २९,४९,९११.०० | ० | २९,४९,९११.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८,२०,५९,०००.०० | ६,६०,५१,२१६.५० | ० | ६,६०,५१,२१६.५० | १,२४,१०,८९२.०० | ० | १,२४,१०,८९२.०० |
| २८००० अन्य खर्च | १८ | ५५,००,०००.०० | २५,३९,८६७.०० | ० | २५,३९,८६७.०० | ३४,८२,८६७.०० | ० | ३४,८२,८६७.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १,११,५८,७९,१४४.०० | ७१,८८,९१,६३९.४० | ० | ७१,८८,९१,६३९.४० | ८४,६२,८५,१२२.९० | ० | ८४,६२,८५,१२२.९० |
| घ. अन्य भूक्तानी | | १५,८९,४९,०४२.८९ | १५,४२,३९,०५३.६२ | | १५,४२,३९,०५३.६२ | १,५७,४६,३८,२९५.०७ | | १,५७,४६,३८,२९५.०७ |
| कोषहरु | | १५,८९,४९,०४२.८९ | १२,८३,७७,७१८.०० | ० | १२,८३,७७,७१८.०० | ८,५२,९६,१२५.६० | ० | ८,५२,९६,१२५.६० |
| धरौटी | | ० | २,५९,०८,०१५.६८ | ० | २,५९,०८,०१५.६८ | १,६४,७१,०२९.०० | ० | १,६४,७१,०२९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -४६,६८०.०६ | | -४६,६८०.०६ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,९४,२६,१२२.४६) | | (१,९४,२६,१२२.४६) | ६४,६१,५२०.०१ | | ६४,६१,५२०.०१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६३,११,७७,५९२.१० | | ६३,११,७७,५९२.१० | ५१,३६,८३,३०१.०५ | | ५१,३६,८३,३०१.०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ६१,१७,५१,४६९.६४ | | ६१,१७,५१,४६९.६४ | ५२,०१,४४,८२१.०६ | | ५२,०१,४४,८२१.०६ |
| बैंक तथा नगद बाकी | २४ | | ६१,७७,५०,४६९.६४ | | ६१,७७,५०,४६९.६४ | ५२,०१,६२,६९६.०६ | | ५२,०१,६२,६९६.०६ |